# वार्षिक नगर विकास योजना

आ.व. २०७७/०७८ का लागि

सातौं नगरसभाबाट स्वीकृत वार्षिक नीति तथा कार्यक्रम र बजेट

प्रकाशक:
भिमाद नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भिमाद-६, तनहुँ
प्रकाशन मिति: २०७७ श्रावण १८

Tel: 065-572436
Website: www.bhimadmun.gov.np
E-mail: info@bhimadmun.gov.np, bhimadmunicipality@gmail.com

# भिमाद नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भिमाद, तनहुँ
गण्डकी प्रदेश, नेपाल
फोन नं.: ०६५-५७२४३६




प्रमुखको कलमबाट

"चुनौतीमा अवसरको खोजी"

आ.व. २०७६/०७७ को अन्तिम चौमासिक भुक्तानीको अवधिमा आईपुग्दा विश्वव्यापी माहामारीको रुपमा फैलिरहेको कोविड-१९ (कोरोना भाईरस) को संक्रमणलाई रोकथाम र नियन्त्रण गर्ने महाअभियानमा जुटनु परेकोले हाम्रा विकासका क्रियाकलापहरु प्रभावित हुन पुगे। स्वाभिमानी नागरिकहरुको आकांक्षा अधिकतम संवोधन गर्नुपर्ने जिम्मेवारी बोध सहित यस अधिका ३ वटा बजेटहरु कार्यान्वयनमा आईसकेको र महशुस गर्न सकिने उपलब्धीहरु हासिल भैरहेको अवस्थामा कोविड-१९ बाट नगरबासीको जीवन रक्षा गर्नुपर्ने महत्वपूर्ण जिम्मेवारी हामी सामू चुनौतिको रुपमा आईपऱ्यो। नगरबासीलाई बचाउनु हाम्रो प्रथम दायित्वलाई प्राथमिकतामा राख्दै अर्थतन्त्रलाई चलायमान बनाउनु पर्ने गम्भीर परिस्थितिमा बिचलित नभई हामी अगाडि बढ्यौं। नेपाल सरकारबाट घोषित बन्दाबन्दीलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै विविध असुविधाको बावजुद पनि स्वास्थ्य सजगता अपनाउँदै योजना कार्यान्वयनलाई अघि बढाउने प्रयासबाट आ.व. २०७६/०७७ को बजेटको उपलब्धि सन्तोषजनक रुपमा हासिल हुन सकेको छ।

नगरका अधिकांश युवा जनशक्ति वैदेशिक रोजगारमा गएकाले कृषि भूमिहरु बाँझो रहन गई कृषि उत्पादन घटदो क्रममा रहेको र आयातित उपभोग्य वस्तुहरुको प्रयोग बढदै गईरहेको विद्यमान पृष्ठभूमिमा हालको विषम परिस्थितिले वैदेशिक रोजगारबाट यूवाहरु धमाधम स्वदेश फर्कनेक्रम बढेसँगै बाँझो जगगाहरुको प्रयोग हुनसक्ने सम्भावना देखिएको छ। रोजगारीको क्रममा विकसित तथा विकासशिल राष्ट्रहरुमा काम गर्ने क्रममा हाम्रा युवाहरुले विविध विधामा दक्षता हासिल गरेका हुन सक्दछन, उच्चतम प्रविधिको प्रयोग अवलोकन गर्ने तथा सञ्चालन गर्ने अवसर मिलेको हुन सक्छ, साना ठूला व्यावसायिक प्रतिष्ठानहरुमा काम गर्दा उनिहरुमा व्यावसायिक भावना जागृत भएको हुन सक्दछ। यी सबलपक्षहरुलाई प्रोत्साहित गर्न सकिएमा कृषिमा आधुनिकीकरण एवं व्यावसायीकरण गरी आयात प्रतिस्थापन एवं निर्यात प्रबर्द्धन हुन सक्ने सम्भावना देखिएको छ। कोविड-१९ले सृजना गरेका चुनौतिबाट उत्पन्न हुनसक्ने अवसरहरुको उपयोग गर्न सकिने महत्वकाँक्षाका साथ यस आ.व. २०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम र बजेट तर्जुमा गरिएको छ।

आ.व. २०७७/०७८ हामी कोरोनाको कहरसँगै शुरुवात गरिरहेका छौं। यो विषम परिस्थितिमा यस वर्षको नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन थप चुनौतिपूर्ण हुनेछ। तथापी राजनैतिक दलहरु, बुद्धिजिवी, नागरिक समाज तथा आम नगरबासीहरुको सकारात्मक सोंच एवं सहयोगले अपेक्षित उपलब्धी हासिल हुनेगरी यसको कार्यान्वयन हुनेछ भन्न विश्वास लिएको छु।

धन्यवाद।

मेख बहादुर थापा
नगर प्रमुख

# भिमाद नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भिमाद, तनहुँ
गण्डकी प्रदेश, नेपाल
फोन नं.: ०६५-५७२४३६




उपप्रमुखको भनाई

विश्वव्यापी माहामारीको रुपमा फैलिरहेको कोविड-१९ ले आक्रान्त परिस्थितिमा आ.व. २०७७/०७८ को बजेट तर्जुमा भएको छ। कोरोना भाईरसको संक्रमणबाट नगरबासीको स्वास्थ्य सुरक्षा गर्नुपर्ने प्रथम दायित्व र यसले सिथिल बनाएको अर्थतन्त्रलाई चलायमान गर्नुपर्ने चुनौति हामी सामु पर्खालको रुपमा उभिएको थियो र छ। यस्तो विषम परिस्थितिमा सन्तुलित बजेट तर्जुमा गर्नु सहज विषय थिएन। नगरप्रमुखज्यू, राजश्व परामर्श समितिका पदाधिकारीज्यूहरु, नगरसभाका सम्पूर्ण सभासदज्यूहरु, विभिन्न राजनतिक दल, नागरिक समाज, टोल विकास संस्थाहरु लगायत आम नगरबासीको सहयोगले उल्लेखित चुनौतिको संवोधन हुन सक्ने गरी बजेट बनेको छ भन्ने मलाई विश्वास छ। तर यसको प्रभावकारी कार्यान्वयन गर्ने कार्य सहज छैन। यस अधिका बजेटको कार्यान्वयनमा यहाँहरुबाट प्राप्त भएको सहयोगको लागि आभार पनि प्रकट गर्न चाहन्छु। यस पटकको यो थप चुनौतिपूर्ण घडीमा यहाँहरुको अझ बढी सहयोगको खाँचो छ र सहयोग प्राप्त हुनेमा अपेक्षा समेत गरेकी छु।

विश्वव्यापी रुपमा चिकित्सा विज्ञानलाई नै चुनौति दिने गरि फैलिएको कोरोना भाईरसको संक्रमणबाट आम नगरबासीको स्वास्थ्य सुरक्षालाई प्राथमिकतामा राख्दै वैदेशिक रोजगारबाट फिर्ता भएका युवाहरुको दक्षताको सदुपयोग गर्दै यस नगरपालिकाको आर्थिक समृद्धि गर्ने अभियानमा सम्बन्धित सबै आ-आफ्नो क्षेत्रबाट एकजुट भएर लागौं भन्ने अपिल गर्न चाहन्छु।

धन्यवाद।

शारदा खनाल
नगर उपप्रमुख

# भिमाद नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भिमाद, तनहुँ
गण्डकी प्रदेश, नेपाल

फोन नं.: ०६५-५७२४३६




### दुई शब्द

आ.व. २०७७/०७८ को बजेट स्थानीय सरकारको रुपमा यस नगरपालिकाको स्थापना पछिको चौथो बजेट हो। यस अघिका ३ वटा बजेटहरु सन्तोषजनक ढङ्गले कार्यान्वयन भै सकेका छन। यसबाट केही उल्लेखनीय उपलब्धीहरु हासिल भएका छन। नगरभित्रका प्रमुख सडकहरुको स्तरोन्नति भै वर्षभरी यातायात चल्न सक्ने भएका छन। नयाँ वस्तीहरुमा आवश्यकता अनुसार सडकको पहुँच पुऱ्याईएको छ। नगरलाई कच्ची कुलोमुक्त नगरको रुपमा विकास गर्ने अभियानबाट नगरको आफ्नै लगानीमा साना सिंचाई प्रणालीहरु व्यवस्थापन भैरहेको छ भने ठुलो लगानी लाग्ने खालका सिंचाई प्रणालीको प्रदेश सरकार र संघीय सरकारबाट सहयोग जुटाई स्तरोन्नति गरिएको छ। कृषि र पशुपंक्षी क्षेत्रलाई आधुनिकिकरण र व्यवसायीकरण तर्फ परिणत गर्नका लागि उन्नत बिउ बिजन बितरण, आधुनिक प्रविधिमा अनुदान, नश्ल सुधार जस्ता कार्यक्रमहरु सञ्चालन भएका छन। खेलकुद पूर्वाधारहरु निर्माण भैरहेका छन। शैक्षिक क्षेत्रमा भौतिक पूर्वाधारहरुको विकास भैरहेको छ। शैक्षिक गुणस्तर अभिबृद्धिका लागि प्रविधिमा आधारित सिकाई प्रणालीलाई सहयोग पुग्नेगरी सूचना प्रविधिको पहुँच विस्तार हुँदैछ। स्वास्थ्य सेवा विस्तारका लागि दुर्गममा रहेका स्वास्थ्य ईकाईहरुमा आधारभूत तहको स्वास्थ्य प्रयोगशाला सञ्चालन गरिएको छ, भिमाद प्राथमिक स्वास्थ्य केन्द्रमा सहुलियतदरको फार्मेसी र आँखा उपचार केन्द्र सञ्चालनमा ल्याईएको छ। सेवा प्रवाहलाई सहज र शुलभ बनाउन सबै वडाहरुमा पावर ब्याकअप र ईन्टरनेट सेवा पुऱ्याईएको छ। कर सङ्कलन र घटनादर्तामा अनलाईन प्रणाली कार्यान्वयनमा ल्याईएको छ।

यसरी केही सकारात्मक उपलब्धीहरु देखिन थालेको समयमा विश्वव्यापी माहामारीको रुपमा फैलिरहेको कोरोना भाईरसको असरले नगरको विकास अभियानमा अवरोध आउने हो कि भन्ने त्राशको सामना गर्नुपऱ्यो। यही सन्त्रासमय परिस्थितिमा आ.व. २०७७/०७८ को बजेट तर्जुमा गर्नुपरेकोले मानव स्वास्थ्यको रक्षा र कोविडको असरले सिथिल बनेको अर्थतन्त्रलाई चलायमान गर्ने यी दुई विपरित पक्षहरुको सन्तुलन हुनेगरी नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्नु कम चुनौतिको विषय थिएन। तथापी सम्बद्ध सबै पक्षको सहकार्यमा आ.व. २०७७/०७८ को बजेट तर्जुमा भै सातौं नगरसभाबाट स्वीकृत समेत भैसकेको छ। सातौं नगरसभाबाट स्वीकृत आ.व. २०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम, बजेट, योजना तथा कार्यक्रम, भिमाद नगरपालिकाको विनियोजन ऐन, २०७७, कर तथा गैर कर राजश्वका दरहरु समेटेर प्रकाशन गर्न लागिएको यो पुस्तिकाबाट सम्बद्ध सबै पक्षहरुलाई सुसुचित गराई यसको प्रभावकारी कार्यान्वयनमा सबैको सकारात्मक सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ।

अन्तमा बजेट तर्जुमा प्रक्रियामा सहयोग पुऱ्याउनुहुने नगर प्रमुखज्यू, उपप्रमुखज्यू, वडाध्यक्षज्यूहरु, कार्यपालिकाका सदस्यज्यूहरु, नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु, टोल विकास संस्था तथा उपभोक्ता समितिका सदस्यज्यूहरु लगायत मेरा सहकर्मी यस नगरपालिकाका सम्पूर्ण कर्मचारी साथीहरुमा हार्दिक आभार प्रकट गर्न चाहन्छु।

धन्यवाद

थमन सिंह थापा
प्रमुख प्रशासकीय अधिकृत

| सि.न. | विषयसूची | पृष्ठ संख्या |
|---|---|---|
| १ | नगरको संक्षिप्त परिचय | १ |
| २ | आर्थिक वर्ष २०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम | २ |
| ३ | आर्थिक वर्ष २०७७/०७८ को बजेट वक्तव्य | १६ |
| ४ | भिमाद नगरपालिकाको आर्थिक ऐन, २०७७ | २५ |
| ५ | कर विवरण र दर सूचि | २७ |
| ५.१ | सम्पत्ति मूल्यांकनको लागि न्युनतम मूल्यांकन दर मालपोत (भूमिकर) दर | २९ |
| ५.२ | घर बहाल करको दर | ३९ |
| ५.३ | व्यवसाय करको दर | ३९ |
| ५.४ | जडिबुटी, कवाडी र जीवजन्तु कर | ४४ |
| ५.५ | विज्ञापन कर | ४४ |
| ५.६ | मनोरञ्जन कर | ४५ |
| ५.७ | पटके व्यवसाय कर | ४५ |
| ५.८ | पार्किङ शुल्क | ४६ |
| ५.९ | सेवा शुल्क दस्तुर | ४६ |
| ५.१० | साना सवारी साधन कर | ५३ |
| ५.११ | पर्यटन शुल्क | ५३ |
| ६ | भिमाद नगरपालिकाको विनियोजन ऐन, २०७७ | ५४ |
| ६.१ | आय तथा व्ययको प्रक्षेपण | ५५ |
| ६.२ | राजस्व तथा अनुदान प्राप्तिको अनुमान | ६० |
| ६.३ | व्यय अनुमान (भिमाद नगरपालिका र वडाको मात्र) | ६२ |
| ६.४ | व्यय अनुमान (प्रदेश सरकारवाट हस्तान्तरित कार्यक्रम) | ६४ |
| ६.५ | व्यय अनुमान (संघीय सरकारवाट हस्तान्तरित कार्यक्रम) | ६५ |
| ६.६ | वित्तीय व्यवस्था अनुमान | ६७ |
| ६.७ | क्षेत्रगत व्यय अनुमान (भिमाद नगरपालिकाको मात्र) | ६८ |
| ६.८ | क्षेत्रगत व्यय अनुमान (कुल बजेटको) | ७० |
| ६.९ | क्षेत्रगत व्यय अनुमान (सशर्त अनुदान गण्डकी प्रदेश) | ७२ |
| ६.१० | क्षेत्रगत व्यय अनुमान (सशर्त अनुदान संघीय सरकार) | ७३ |
| ६.११ | कार्यक्रम/परियोजना अनुसार बजेट विनियोजन (भिमाद नगरपालिका) | ७४ |
| ६.१२ | कार्यक्रम/परियोजना अनुसार बजेट विनियोजन (वडागत) | १०४ |
| ६.१३ | कार्यक्रम/परियोजना अनुसार बजेट विनियोजन (गण्डकी प्रदेश सरकारवाट हस्तान्तरित सशर्त र विशेष अनुदान) | १३५ |
| ६.१४ | कार्यक्रम/परियोजना अनुसार बजेट विनियोजन (संघीय सरकारवाट हस्तान्तरित सशर्त, विशेष र समपुरक अनुदान) | १३६ |
| ७ | गण्डकी प्रदेशवाट आ.व.२०७७/०७८ मा स्वीकृत योजनाहरु | १५२ |

नगरको संक्षिप्त परिचय :

भिमाद नगरपालिका वि.सं २०७३ फागुन २७ गते अरुणोदय, किहुँ, भानुमती, भिमाद, माझकोट (१-५, ७-९), रिसिङ रानीपोखरी (९) सामुङ भगवतीपुर (२) र गजरकोट (९) गा.वि.स. समाविष्ट भई जम्मा ९ वडा मा विभाजित छ । यस नगरपालिकाको नामांकन महाभारतको किवंदन्ती अनुसार पाण्डव पुत्र भिमसेनले सेती नदीमा बाँध बाँधेकाले भिमबाँध शब्दको अपभ्रंस भई भिमाद भन्ने शब्द जनजिब्रो र प्रचलित भाषामा लोकप्रिय भएकाले यस ऐतिहासिक स्थलको महिमालाई झल्काउने गरी भिमाद नगरपालिकाको रुपमा नामाकरण गरिएको हो ।

भौगोलिक अवस्थिति :

अक्षांशः २७°५४'३.६०" उत्तर देखि २८°१'२१.९५" उत्तर सम्म

देशान्तरः ८३°५८'१४.७३" पूर्व देखि ८४°०९'५७" पूर्व सम्म

क्षेत्रफल : १२१ वर्ग कि.मी.

जनगणना २०६८ अनुसार :

जनसंख्या : ३१,३६२

महिला संख्या : १८००२

पुरुष संख्या : १३३६०

जनघनत्व : २४३.१२ प्रति वर्ग कि.मी.

लैगिंक दर : १०३.९३

जम्मा घरधुरी : ७,४८८

औषत परिवार आकार : ४.२४

वडा संख्या : ९

सिमाना :

पूर्व : म्याग्दे गाउँपालिका

पश्चिम : स्याङ्जा जिल्ला

उत्तर : शुक्लागण्डकी नगरपालिका

दक्षिण : घिरिङ गाउँपालिका

वडा कार्यालय :

| क्र.सं. | वडा नं. | जनगणना २०६८ अनुसार जनसंख्या | वडा कार्यालय रहेको स्थान | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| १. | १ | ४७३८ | काउले | ९८५६०७२५०१ | |
| २. | २ | ५००८ | टेक्रे | ९८५६०७२५०२ | |
| ३. | ३ | १९६६ | खेक्रेटार | ९८५६०७२५०३ | |
| ४. | ४ | २८९१ | तुरतुरे | ९८५६०७२५०४ | |
| ५. | ५ | ३७०३ | साउने | ९८५६०७२५०५ | |
| ६. | ६ | ५१९१ | भिमाद | ०६५-५७२००३ | |
| ७. | ७ | २४४० | सुवेदी चोक | ९८५६०७२५०७ | |
| ८. | ८ | २६३८ | अरौंदी | ९८५६०७२५०८ | |
| ९. | ९ | २७८७ | रिट्ठा भञ्ज्याङ | ९८५६०७२५०९ | |

## भिमाद नगरपालिकाको सातौं नगरसभामा

### नगर प्रमुख श्री मेख बहादुर थापाबाट प्रस्तुत

### आर्थिक वर्ष २०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम

**"भिमाद नगरपालिकाको आधार, पर्यटन, कृषिमा यान्त्रिकीकरण, आर्थिक समृद्धिको पूर्वाधार"**

**यस गरिमामय नगरसभाका सभासदज्यूहरु**

१. आज हामी यस भिमाद नगरपालिकाको गरिमामय नगरसभाको सातौं संस्करण प्रारम्भ गरी रहंदा मानवजाति माथि नै अकल्पनीय संकट ल्याउने गरी विश्वव्यापी महामारीको रुपमा फैलिएको कोविड - १९ (कोरोना भाईरस) को सामना गरीरहेका छौं । यस अत्यन्त विषम परिस्थितिमा माहामारी रोकथाम र नियन्त्रणका लागि भिमाद नगरपालिका अधिकतम क्षमता प्रयोग गरेर जुटिरहेको छ । यस महाअभियानमा यहाँहरु सबैले आ-आफ्नो क्षेत्रबाट पुऱ्याउनु भएको अमूल्य सहयोगको लागि हार्दिक आभार प्रकट गर्न चाहन्छु । यस विषम परिस्थितिमा आज म आर्थिक वर्ष २०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु । प्रस्तुत नीति तथा कार्यक्रम उपलब्ध सीमित स्रोतसाधनको मितव्ययी उपयोगगरी वर्तमान सङ्कटलाई आर्थिक समृद्धिको अवसरको रुपमा ग्रहणगरी महामारीवाट नगरवासीको जीवन रक्षा एवं सिथिल भएको अर्थतन्त्रलाई चलायमान बनाउने मूल लक्ष्यका साथ ल्याईएको छ ।

२. नेपालको सार्वभौमसत्ता र स्वाधिनताको रक्षा, भौगोलिक अखण्डता, राष्ट्रिय हित र लोकतन्त्रको स्थापनाका लागि भएका विभिन्न आन्दोलनहरुमा साहदात प्राप्त गर्नु भएका ज्ञातअज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु र यस्ता आन्दोलनमा नेतृत्व गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु । साथसाथै अहिले हामीले सामाना गरिरहेको विश्वव्यापी माहामारी कोविड - १९ (कोरोना भाईरस) वाट देश तथा विदेशमा जीवन गुमाउनुहुने नेपाली तथा यस रोगवाट मृत्यूवरण गर्ने संसारभरिका दाजुभाई दिदीवहिनीहरुमा भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै संक्रमितहरुको शिघ्र स्वास्थ्यलाभको कामना पनि गर्न चाहन्छु।

३. कोविड - १९ को रोकथाम, नियन्त्रण र उपचारको अग्रपंतिमा रहेर खटिनु भएका चिकित्सक, स्वास्थ्यकर्मी लगायतका राष्ट्रसेवकहरुको योगदानको उच्च मूल्याङ्कन गर्न चाहन्छु । जोखिमपूर्ण यस अभियानमा योगदान गर्नुहुने जनप्रतिनिधि, राजनीतिक दल, सञ्चारकर्मी, उद्योगी व्यवसायी, निजीक्षेत्र, नागरिक समाज लगायत आम नागरिकहरुमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । यस नगरपालिकावाट स्थापना भएको कोरोना सङ्क्रमण रोकथाम, नियन्त्रण र उपचार कोषमा स्वैच्छिक रुपमा नगद, स्वास्थ्य सामाग्री तथा वस्तुगत राहत सामाग्री सहयोग गर्नुहुने सम्पूर्ण संघसंस्था तथा महानुभावहरु प्रति आभार प्रकट गर्दछु । कहिले र कसरी समाप्त होला भन्ने निश्चित नभएको यस माहामारी रोगको सामना गर्न सतर्कता, समन्वय र एकता आवश्यक भएकोले आफू सुरक्षित रही अरुलाई सुरक्षित गर्ने अभियानमा हामी सबै एकजुट भएर लागौं भन्ने आह्वान पनि गर्न चाहन्छु ।

४. नेपाली भूमी लिम्पियाधुरा, कालापानी र लिपुलेक नेपालको नक्शामा समावेश गरी सोही बमोजिम नेपालको निशानाछाप परिमार्जन गर्नेगरी संविधान संशोधन गर्ने नेपाल सरकारको ऐतिहासिक, राष्ट्रवादी एवं साहसिक कदमको उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

आदरणीय सभासदज्यूहरु

५. यस अघि हामीले यस नगरपालिकाको गरिमामय नगरसभाबाट ३ वटा बजेट स्वीकृत गरी कार्यान्वयन गरी सकेकाछौं । हाम्रो प्रमुख लक्ष्य कृषि र पर्यटन रहेको भएपनि यी दुबै क्षेत्रको लागि सडक तथा सिंचाई जस्ता पूर्वाधारको विकास पूर्वशर्त भएको र पूर्वाधार क्षेत्रको विकासका लागि बजेट धेरै आवश्यक पर्ने भएकोले हाम्रो कुल बजेटमा पूर्वाधार क्षेत्रको बजेटको अंश यस अघिका ३ वटै बजेटहरुमा ६५ प्रतिशत भन्दा बढी नै रहेको छ र आगामी आर्थिक वर्ष २०७७/०७८ मा पनि बजेटको आकारको हिसाबले यो अंश विगतकै हाराहारीमा रहने अनुमान गरिएको छ । यद्यपी कोरोना सङ्कटका कारण वैदेशिक रोजगारीबाट फिर्ता हुने युवा जनशक्तिलाई नगरको उत्पादनशील क्षेत्रमा आकर्षित गर्न आर्थिक क्षेत्रमा उल्लेख्य लगानी बढाउने प्रयास गरिएको छ ।

६. आर्थिक वर्ष २०७५/०७६ मा यस नगरपालिकाले दिगो विकासका १७ वटा लक्ष्यहरुलाई स्थानीयकरण गर्ने, संघीय सरकारको पन्ध्रौं योजनाले निर्धारण गरेका लक्ष्यहरुको परिपूरण गर्ने र नेपाल सरकारको "समृद्ध नेपाल, सुखी नेपाली" भन्ने अवधारणालाई सहयोग पुग्ने गरी लक्ष्य तोकी सो लक्ष्य हासिल गर्ने गरी कार्यनीति तथा क्रियाकलापहरु निर्धारण गरी यस नगरपालिकाको प्रथम पञ्चवर्षीय योजना (आ.व. २०७६/०७७ — २०८०/०८१) तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । आर्थिक वर्ष २०७६/०७७ को बजेट स्वीकृत भै सकेपछि स्वीकृत भएकोले यस योजनाले तोकेको पहिलो आर्थिक वर्ष २०७६/०७७ मा औपचारिक रुपमा योजनाले निर्धारण गरेका लक्ष्यहरु समावेश गर्न सकिएन तथापी आर्थिक वर्ष २०७६/०७७ का वार्षिक स्वीकृत कार्यक्रमहरु प्रथम पञ्चवर्षीय योजनाले निर्दिष्ट गरेका लक्ष्य तर्फनै उन्मुख रहेका थिए । आगामी आर्थिक वर्ष २०७७/०७८ को बजेट तर्जुमा गर्ने अवस्थामा आईपुग्दा हामीसँग आफ्नै पञ्चवर्षीय योजना र गण्डकी प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना बनीसकेकोले सोही बमोजिम बजेट निर्माण हुनेछ ।

७. यस अघिका ३ वटै बजेटहरुले पूर्वाधार क्षेत्रलाई उच्च प्राथमिकता दिएको थियो । हामीले स्थानीय सरकार सञ्चालनको जिम्मेवारी प्राप्त गरेपछि मौजुदा सडकहरुको स्तरवृद्धि गरी नगरको अधिकाँश सडकहरुलाई वर्षभरी यातायात चल्नसक्ने बनाईएको छ । यस क्रममा प्रदेश सरकारसँगको लागत साझेदारी समेतको गरी जम्मा १२.१०२ कि.मि. सडक कालोपत्रे, ५३.०१४ कि.मि. साँघुरा सडकहरुलाई चौडा गर्ने, १४ वटा कल्भर्ट बनाउने, १६.८९ कि.मि. ग्राभेल गर्ने कार्य गरी सडकको स्तरोन्नति गर्ने कार्य सम्पन्न भएको छ । यसै गरी सडक संरक्षण तर्फ पनि नगरपालिकाको प्राथमिकता रहेको छ । मौजुदा सडकहरुको निर्माण कार्यगर्दा कम्तिमा ५० प्रतिशत रिटेनिङ्ग वाल, गेवियन वाल, पक्की तथा कच्चीनाली, टिकनाली जस्ता संरचना निर्माण गर्नै पर्ने नीति बनाई कार्यान्वयन गरिएको छ । संघीय सरकार तथा प्रदेश सरकारको समपुरक अनुदानमा २ वटा सडकहरु भि.सी. नेत्र बहादुर मार्ग (१.८ कि.मि.) र चिहानडाँडा मोहोरिया मार्ग (२ कि.मि.) आगामी आर्थिक वर्षमा सम्पन्न हुने गरी कार्य

भैरहेको छ । प्रदेश सरकारको लगानीमा करीव ६ कि.मि. सडक आगामी आ.व. मा सम्पन्न हुने कालोपत्रे गर्ने कार्य भैरहेको छ । स्थानीय पूर्वाधार साझेदारी विकास कार्यक्रम अन्तरगत आ.व. २०७५/७६ मा ७०० मिटर सडक कालोपत्रे भएकोछ भने चालु आ.व. २०७६/७७ मा सोही मार्गको बाँकी सबै खण्डको सडक चौडा गर्ने कार्य सम्पन्न हुने गरी कार्य भैरहेको छ । यस नगरपालिकाको मुख्य बजार भिमाद बजारमा रहेको बसपार्कलाई कालोपत्रे गरिएको छ ।

८. खानेपानीको आपूर्ति सहज बनाउन पश्चिम नेपाल खानेपानी तथा सरसफाई परियोजना अन्तरगत वडा नं. २ र ५ मा ३ वटा खानेपानी योजनाहरु सम्पन्न भै सञ्चालनमा रहेका छन् र चालु खानेपानी योजनाहरुको मर्मत संभार गरी पानी आपूर्तिलाई सहज बनाईएको छ । गण्डकी प्रदेश सरकारको आधारभूत खानेपानी आपूर्ति गर्ने कार्यक्रम र यस नगरपालिकाबाट सञ्चालित एक घर एक धारा अधियानले खानेपानी आपूर्तिमा सहजता आई कृषकहरुको समय बचतमा उल्लेख्य योगदान पुगेको छ । नगरपालिकाको केन्द्र भिमाद बजारमा खानेपानीको अभाव पूरा गर्न नगरपालिकाको लगानीमा नगरकार्यपालिकाको कार्यालयकै परिसरबाट डिप बोरिङ्ग गरी थप पानीस्रोत वृद्धि गरिएको छ भने संघीय सरकारको लगानीमा हालको मागलाई पर्याप्त हुनेगरी पानीको स्रोत थप गरिएको छ । यसैगरी नगरपालिकाकै लगानीमा जनज्योति मा.वि. र जनज्योति क्याम्पसमा खानेपानी आपूर्तिको लागि डिप बोरिङ्ग खानेपानी योजनाको चालु आ.व. मा सम्पन्न हुने गरी कार्य भैरहेको छ । वडा नं. ७ नं. सिस्नेरी लिफ्टिङ्ग खानेपानी योजना, वडा नं. ८ र ९ को क्याङ्दीवेसी खानेपानी योजना २ वर्ष भित्रमा सम्पन्न हुने गरी कार्यान्वयन भै रहेको छ । वडा नं. ८ त्रिवेणी, चैनपुर, नवदुर्गा टोल र चण्डीदेउरालीमा एक घर एक धारा अभियानबाट करीव ३०० घरधुरीमा खानेपानी व्यवस्थापन भएको छ र यो क्रम जारी नै रहेको छ । यसैगरी पाथर्दीमा खानेपानी ट्याङ्की निर्माण सम्पन्न भै सकेको छ भने वडा नं. ९ कै सखेप, जौपानी र कटमछाप क्षेत्रमा एक घर घक धारा अभियान अन्तरगत यसै वर्ष टेण्डर भै कार्यान्वयन अगाडी बढेको छ ।

९. कृषि उत्पादनमा प्रत्यक्ष योगदान हुने सिंचाई सुविधालाई भरपर्दो बनाउन नगरपालिका क्षेत्रका कच्चीकुलोहरुलाई आगामी २ वर्षभित्र पक्की कुलोमा परिणत गर्ने गरी साना कुलोहरु नगरपालिका आफैले र मझौला कुलो/नहरहरु प्रदेश तथा संघीय सरकारसँगको सहकार्यमा स्तरोन्नति गरी सिंचाई सुविधालाई भरपर्दो बनाउने प्रयास गरिएको छ । ३ वर्षको अवधिमा १५७१ मीटर कच्ची कुलोलाई स्तरवृद्धि गरी पक्की बनाईएको छ ।

१०. संघ तथा प्रदेशसँगको लागत साझेदारी र नगरपालिकाको आफ्नै स्रोत परिचालनबाट पर्यटन पूर्वाधार विकासमा पनि जोड दिईएको छ । संघीय सरकारसँगको लागत साझेदारीमा यस नगरपालिकाको मुख्य पर्यटन केन्द्र प्राकृतिक सुन्दरताले भरिपूर्ण धन्दुर सिद्धगुफाको परिसरमा शौचालय सहितको सभाहल तथा पदमार्गहरु बनेका छन् । "Visit Nepal 2020" को शुभारम्भ कार्यक्रम यसै क्षेत्रमा भएको थियो । १ वर्षभित्रमा करिब १ लाख पर्यटक भित्र्याउने लक्ष्य राखिएको थियो । तर कोविड - १९ माहामारीले गर्दा भ्रमण वर्षको कार्यक्रम नै रद्द भएकोले १ लाख पर्यटक भित्र्याउने अभियान स्थगित हुन पुग्यो । सोही स्थानमा गुफासम्म जाने झोलुङ्गेपुल निर्माण भै प्रयोगमा आईसकेको छ । मगर समुदायका ३ र नेवारी समुदायको १ गरी ४ वटा होम स्टेहरु स्थापना गरी सञ्चालनमा ल्याइएकोछ । कोटवाराही, सतिकोट लगायतका ऐतिहासिक धार्मिकस्थलहरुमा पूर्वाधार निर्माण भैरहेको छ । क्यानोनिङ्गका लागि ईलुङ्ग झर्ना र

आँटीछाप झर्नामा पूर्वाधार निर्माण भै रहेका छन् । ३ वर्षको अवधिमा ४४ वटा मन्दीर तथा पाटीपौवाहरुको निर्माण तथा मर्मत संभार भएको छ ।

११. संस्कृति परम्पराको जगेर्ना गर्नेगरी घाँटुनाच, नचरी, लाखे, मौलिक कौरा, भजनकिर्तन लगायतका नगरका विभिन्न जातिहरुका परम्पारगत संस्कृति तथा परम्परागत नाचहरुको संरक्षण गर्ने प्रयास गरिएको छ । यसबाट पर्यटक आगमनमा वृद्धि हुने अपेक्षा गरिएको छ ।

१२. परम्परागत पेशा व्यवसायीहरुको परम्परागत सीप संरक्षण र प्रवर्द्धनका लागि प्रविधिमा सहयोग गरिएको छ । सीप विकासका लागि उनीहरुलाई थप तालिम प्रदान गरिएको छ ।

१३. कृषि/पशुपंक्षी विकास क्षेत्रलाई नगरको आर्थिक समृद्धिको निर्विकल्प क्षेत्रको रुपमा ग्रहणगरी विभिन्न क्षेत्रका स्रोतकेन्द्रको रुपमा विकास गर्ने प्रयास गरिएको छ । वडा नं. ९ मा गण्डकी प्रदेश सरकारबाट सञ्चालित मुख्यमन्त्री वातावरणमैत्री नमूना कृषि गाउँ कार्यक्रमले पनि यहाँको कृषि क्षेत्रको विकासमा उल्लेख्य सहयोग हुने देखिएको छ । सोही वडामा रहेको बोयर बाख्राको स्रोतकेन्द्रले राम्रो उत्पादन गरिरहेको छ । घाँसको स्रोतकेन्द्र स्थापना गरी सञ्चालनमा रहेको छ । बाख्रा, सुंगुरबंगुर, उन्नत तथा लोकल कुखुरापालन, माछापालन व्यवसायहरु उल्लेख्य रुपमा वृद्धि भईरहेका छन् । फलफुल व्यवसाय तर्फ पनि कृषकहरुको आकर्षण बढीरहेकोछ । अदुवा यहाँको प्रमुख नगदेवाली भएतापनि हाल अप्रशोधित रुपमा भारत निर्यात हुँदा अदुवाको मुल्य अत्यन्त उतार चढाव हुने गरेको र मुल्य निर्धारणमा कृषकको पहुँच पुरन सकेको छैन । त्यसैले गण्डकी प्रदेश सरकारसँगको साझेदारीमा एउटा अदुवा प्रशोधन केन्द्र निर्माण गर्ने कार्य अघि बढेको छ ।

१४. युवाहरुको दक्षता वृद्धि गरी स्थानीय बजारमा नै खपत हुने खालको जनशक्ति उत्पादन तथा आय आर्जन र स्वःव्यवसाय सञ्चालन गर्न सक्ने गरी छोटो अवधिका सीप विकास तालिमहरु सञ्चालन गरिएको छ । साथै उपयुक्त प्रविधिहरु ८० प्रतिशत अनुदानमा वितरण गरिएको छ । यसबाट केही प्रतिफलहरु देखिन थालेका छन् । केहीले प्राप्त सीपको उपयोगबाट स्वःव्यवसाय सञ्चालन गरेका छन् ।

१५. उपयुक्त जग्गा व्यवस्थापन हुन नसक्दा यस नगरपालिकाको मुख्य प्रशासनिक भवनको निर्माण कार्य अघि बढाउन सकिएको छैन । वडा कार्यालयहरु मध्ये वडा नं. ३ र ४ को वडा कार्यालय भवन निर्माणको चालु आ.व. मा टेण्डर प्रक्रिया पुरा भै आगामी आ.व. २०७७/०७८ मा सम्पन्न हुने गरी निर्माण कार्य अघि बढेको छ । अन्य वडाका कार्यालय भवनहरु पनि क्रमशः निर्माण गर्दै लगिनेछ । आमा समूह, कृषक समूह तथा अन्य बहुउद्देशीय सामुदायिक भवनहरु तथा विद्यालयको निर्माण एवं मर्मत संभार गरिएको छ । विगत ३ वर्षको अवधिमा १६२ वटा यस्ता भवनहरुको निर्माण एवं मर्मत गर्ने कार्य सम्पन्न भएका छन् । स्थानीय वसपार्क लगायतका विभिन्न स्थानहरुमा १८ वटा सार्वजनिक शौचालयहरुको निर्माण भएको छ ।

१६. विद्यालयहरुको भौतिक पूर्वाधार विकासमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण मार्फत गरिएको छ भने नगरपालिकाको आफ्नै स्रोतबाट पनि विद्यालयका भवनहरुको निर्माण, स्तरोन्नति एवं मर्मत संभार भएको छ । संघीय सरकारको सशर्त अनुदान मार्फत प्राप्त बजेटबाट विज्ञान प्रयोगशाला, सूचना प्रविधि, बास सहितको शौचालय, पुस्तकालयको व्यवस्थापन गरिएको छ । नगरपालिकाको स्रोतबाट विभिन्न विद्यालयहरुमा फर्निचरको व्यवस्था गरिएको छ । घेरावार, खेल मैदान लगायतका पूर्वाधारहरुमा पनि नगरपालिकाले लगानी गरेको छ ।

१७. शैक्षिक गुणस्तर सुधारमा पनि उल्लेखनीय कार्यहरु भएका छन् । अत्यन्त न्यून विद्यार्थी भएका विद्यालयहरु गाभ्ने कार्य भएको छ । ३ वर्षको अवधिमा ५ वटा विद्यालयहरु गाभिएका छन् । ५ वटा विद्यालयमा खेलकुद शिक्षक, ५ वटा विद्यालयमा कम्प्यूटर शिक्षक, दुई वटा विद्यालयमा लेखा शिक्षक, १५ वटा विद्यालयमा बाल विकास सहजकर्ता उपलब्ध गराईएको छ । यसबाट न्यून दरबन्दी भएका विद्यालयहरुमा शिक्षकको उपलब्धता भै शिक्षक दरबन्दीको अभाव पूरा भएको छ साथसाथै खेलकुद तथा सूचना प्रविधि विषयहरुको सिकाई पनि शुरु भएको छ ।

१८. नागरिकको स्वास्थ्यलाई प्राथमिकता दिँदै स्वास्थ्य सेवाको विस्तार गरिएको छ । संघीय सरकारको सहकार्यमा स्वास्थ्य संस्था नभएका ४ वटा वडाहरुमा आधारभूत स्वास्थ्य संस्था स्थापना गरी सञ्चालनमा ल्याइएको छ । साविकमा भौगोलिक विकटताको दृष्टिकोणले स्वास्थ्य सेवाको पहुँच वृद्धि गर्न स्थापना भै सञ्चालनमा रहेको ३ वटा सामुदायिक स्वास्थ्य ईकाईहरुमा कार्यरत कर्मचारीहरुको तलबभत्ता आ.व. २०७६/०७७ मा प्राप्त नभएको भएपनि नगरपालिकाले हिउँदे नगरसभाबाट तलबभत्ता व्यवस्था गरी निरन्तरता दिईएको छ । स्वास्थ्य चौकीहरुमा ल्याब सेवा विस्तार गर्ने क्रममा वडा नं १ स्थित किहुँ स्वास्थ्य चौकीमा ल्याब अशिष्टेन्टको व्यवस्था गरी सञ्चालनमा ल्याईएको छ । यसैगरी भिमाद प्राथमिक स्वास्थ्य केन्द्रमा एक जनशक्ति सहितको सहुलियतदरमा औषधी उपलब्ध गराउने गरी फार्मेसी सञ्चालन गरिएको छ भने सोही केन्द्रमा हिमालय आँखा अस्पतालसँगको सहकार्यमा आँखा उपचार केन्द्र स्थापना गरी सञ्चालनमा ल्याईएको छ । साथै भिमाद प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नति गरी १५ शैयाको अस्पताल निर्माणका लागि पहल गरिएको छ ।

१९. उपभोक्ता समिति तथा टोल विकास संस्थाहरुलाई क्षमता अभिवृद्धि तालिम उपलब्ध गराई योजना तर्जुमा, कार्यान्वयन र भुक्तानी प्रक्रियालाई सहज, पारदर्शी र व्यवस्थित गर्ने प्रयास गरिएको छ । सरसफाई अभियान वस्तीवाटै हुन सके प्रभावकारी हुने हुनाले टोल विकास संस्थाहरुलाई सरसफाई सम्बन्धी चेतनामूलक तालिम प्रदान गरिएको छ । टोल विकास संस्थाहरुलाई स्थानीय सरकारको सवैभन्दा तल्लो एकाईको रुपमा स्वीकार गरी तीनीहरुको दर्ता गरी संस्थागत गर्ने प्रयास गरिएको छ ।

२०. खेलकुद क्षेत्रको विकास गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडिहरु उत्पादन गर्ने लक्ष्यका साथ खेलका विविध विधाहरुको प्रतिस्पर्धा हुने गरी प्रत्येक वर्ष मेयर कप खेलकुद प्रतियोगिता सञ्चालन गरिएको छ । भिमाद बजारमा रहेको तथा अन्य वडाहरुमा रहेका खेल मैदानहरुलाई गण्डकी प्रदेश सरकारसँगको सहकार्यमा स्तरवृद्धि गरि रङ्गशालाको रुपमा विकास गर्ने लक्ष्यका साथ कार्य भैरहेको छ ।

२१. सेवा प्रवाहलाई छिटो छरितो, सरल र सहज ढङ्गले सेवाग्राहीको पहुँचमा पुऱ्याउनका लागि कर प्रणाली, व्यक्तिगत घट्ना दर्ता, भुक्तानी प्रणालीलाई Online गरिएको छ । केन्द्रमा डिजीटल नागरिक वडापत्र तथा वडाहरुमा वडापत्रको व्यवस्थागरी सोही वमोजिम सेवा प्रवाह गरिएको छ । योजनाहरुको गुणस्तरलाई ध्यान दिँदै रु. ५ लाख भन्दा वढीका योजनाहरुको नगरस्तरीय अनुगमन समितिको सिफारिशमा मात्र भुक्तानी हुने व्यवस्था मिलाईएको छ । टेण्डर प्रक्रियालाई वढी भन्दा वढी प्रतिस्पर्धी वनाउन विद्युतीय टेण्डर प्रणाली अवलम्वन गरिएको छ । सवै वडा कार्यालयहरुमा ईन्टरनेट सुविधा जडान गरी सकिएको छ ।

२२. कोविड - १९ को रोकथाम र नियन्त्रणका लागि नगरपालिकामा उपलब्ध सीमित वजेटवाट छुट्टै कोरोना कोषको स्थापना गरी परिचालन गरिएको छ । सीमित स्रोतको अधिकतम उपयोग गरी मितव्ययी ढङ्गले

क्वारेन्टाईन सञ्चालन, राहत वितरण तथा त्यससँग सम्वन्धित क्रियाकलापहरु सञ्चालन गरिएको छ । वन्दावन्दी कार्यान्वयनको क्रममा अत्यावश्यक वस्तुहरुको आपूर्ति व्यवस्थालाई सहज वनाई कृत्रिम मूल्य वृद्धि हुन दिईएको छैन ।

सभासदज्यूहरु

अव म आगामी आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

"कृषिमा रोजगारी र व्यावसायिकता, आर्थिक समृद्धिको लागि अपरिहार्यता"

"सुरक्षित नागरिक हाम्रो चाहना, सवै मिली गरौं कोरोनाको सामना"

२३. नेपालको संविधानले निर्दिष्ट गरेका राज्यका निर्देशक सिद्धान्तहरु, संघीय सरकारको पन्ध्रौं योजना, दिगो विकासका लक्ष्य, गण्डकी प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना र यस नगरपालिकाको प्रथम पञ्चवर्षीय योजना, विषयगत समितिहरुका सुझाव, टोल टोलवाट आएका जनताका चाहना, कोविड - १९ महामारीले आर्थिक क्रियाकलापमा पारेको असरका आधारमा यो नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

२४. कोविड - १९ वाट नागरिकहरुको जीवन रक्षा गर्नु स्थानीय सरकारको हैसियतले प्रथम दायित्व हुने भएकोले कोविडवाट नागरिकलाई वचाउनु पहिलो प्राथमिकता हुनेछ । यस माहामारीको असरले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम वजार खुम्चिन पुगेको छ । यसले एकातिर वेरोजगारी वढ्न सक्ने चुनौति देखिएको छ भने अर्को तर्फ नगरक्षेत्रभित्र वाँझो रहेका जमिनको उपयोग हुन गई कृषि तथा सो सँग सम्वन्धित उद्यम व्यवसायमा वढोत्तरी भै नगरको समग्र उत्पादन क्षेत्रमा वढोत्तरी आउन सक्ने अवसर पनि देखिएको छ । यो अवसरलाई सही ढङ्गले उपयोग गर्न सकिएमा सिथिल अर्थतन्त्र पुनर्जिवित हुन जाने अपेक्षा गरिएको छ । यीनै परिस्थितिगत तथ्यहरुलाई मध्यनजर गरी कोविड - १९ ले सिथिल वनाएको अर्थतन्त्रलाई गतिशिल वनाई यसवाट सृजना हुनसक्ने अवसरहरु अधिकतम उपयोग गर्न यो नीति तथा कार्यक्रमले देहायको क्षेत्रलाई प्राथमिकतामा राखेको छ ।

क. व्यवस्थित रुपमा क्वारेन्टाईन तथा आवश्यकता अनुसार आइसोलेशन सेन्टर सञ्चालन गरी प्रभावित नागरिकहरुको आत्मवल वढाउने र सुरक्षाको प्रत्याभूति दिने,

ख. माहामारीवाट दैनिक गुजारा गर्न कठिन अवस्थामा पुगेका नागरिकहरुलाई राहात वितरण गर्ने र रोजगारी गुमाएकाहरुलाई रोजगारी उपलव्ध गराउने,

ग. आर्थिक क्रियाकलाप, कृषि उत्पादन, रोजगारी सृजना, उत्पादनशील क्षेत्रहरुमा परेको असरका आधारमा पुनरुत्थानका विशेष कार्यक्रमहरु सञ्चालन गरिने,

घ. रोजगारी गुमाएका, विदेश जान रोकिएका र विदेशवाट फर्किएका व्यक्तिको श्रम, पूंजी, सीप र रुचिका आधारमा कृषि, पर्यटन, उद्योग तथा सेवा क्षेत्रमा आवश्यकता अनुसार प्राविधिक तथा व्यावसायिक तालिम दिई उद्यमशिलता स्वरोजगारी र रोजगारी प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिने,

ङ. लागत सहभागितामा उपयुक्त यन्त्र उपकरण उपलव्ध गराउने ।

२५. आर्थिक विकास

क. कृषि तथा पशुपंक्षी विकास

- व्यावसायिक कृषकहरुको पहिचानगरी कृषिलाई व्यवसायिकीकरण गर्न तथ्याङ्क सङ्कलन गरी परिचयपत्र वितरण गरिनेछ,
- कृषकहरुलाई पूंजी अभाव हुन नदिन व्यावसायिक कृषकहरुलाई सहकारीमा आवद्ध गर्दै लगिनेछ,
- "एक उत्पादन एक पकेट क्षेत्र" कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न व्यवसायिक उत्पादन मूलक समूह तथा सहकारीहरुलाई विशेष प्रोत्साहन गरिनेछ,
- नगरपालिका भित्र उत्पादन भएर बाहिर निकासी हुने कृषि तथा पशुपंक्षिजन्य उत्पादन को उपभोग, संकलन, प्रशोधन तथा प्रवर्धनको लागि स्थापना गरिने लघु उद्यमहरुलाई प्रोत्साहन गरिनेछ,
- कृषि विकास, पशु विकास, दुध उत्पादन तथा सहकारीको प्रवर्धन र विकासका लागि नविनतम प्रविधि सम्भाव्य वस्तीहरुको पहुँचमा ल्याउन नगरपालिका भित्र रहेका दर्तावाला सहकारी तथा कृषक समूहहरुलाई संस्थागत विकास र व्यवसायिक तालिम प्रदान गरिनेछ । नगरपालिकामा उपलव्ध जनशक्तिबाट मात्र यो कार्य सम्भव नभएमा विभिन्न संघ संस्थाहरुसंग समन्वय गरी सहकार्यात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ,
- नगरपालिका क्षेत्रलाई कच्ची कुलो रहित क्षेत्रको रुपमा विकास गर्न प्रदेश सरकारसँग समन्वय गरी सिंचाई योजनाहरु सञ्चालन गरिनेछ र पानीको स्रोत नभएका स्थानहरुमा पानी भकारीहरुको व्यवस्थागरी थोपा सिंचाई प्रणालीलाई प्रयोगमा ल्याईनेछ,
- उन्नत घाँस खेति तर्फ कृषकहरुलाई उत्प्रेरित गर्दै पशु आहारमा वृद्धि ल्याउन व्यापक रुपमा उन्नत घाँसहरुको विकास गर्ने र उपयुक्त स्थानहरुलाई घाँसको विउ उत्पादन गर्ने स्रोत केन्द्रको रुपमा विकास गर्दै लगिनेछ,
- जैविक विविधताको सम्वर्द्धन र सदुपयोग गर्दै जलवायु परिवर्तन अनुकुल प्रविधिहरुको विकास गरी कृषि जन्य उत्पादनमा प्राङ्गारिक खेतिलाई प्रोत्साहित गरिनेछ,
- पशु उत्पादकत्व वृद्धि गर्न नश्ल सुधारको लागि कृतिम गर्भाधान तथा उन्नत व्याड वितरण गर्ने कार्यलाई प्राथमिकतापूर्वक सञ्चालन गरिनेछ,
- माटो परीक्षणको अभावमा कृषि उत्पादन वृद्धि हुन नसक्ने हुनाले प्रत्येक महिनाको एक पटक माटो परीक्षण गर्नेगरी माटो परीक्षण क्लिनिक सञ्चालन गरिनेछ,
- कृषि उपज संकलन तथा सुरक्षा गर्न सितगृह (cold store) निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

ख. पर्यटन तथा संस्कृति संरक्षण

- यस नगरका महत्वपूर्ण धार्मिक, सांस्कृतिक एवं प्राकृतिक सम्पदाहरुको संरक्षण गरी आन्तरिक पर्यटन प्रवर्धनको लागि आवश्यक पूर्वाधारको निर्माण गर्दै लगिनेछ,
- भिमाद बजारमा रहेको ऐतिहासिक झोलुङ्गेपुल तथा संगै रहेको शिवालय मन्दिर परिसरको संरक्षण एवं पुनर्निर्माण गर्दै पर्यटकीय स्थलको रुपमा विकास गरिने कार्यक्रमलाइ निरन्तरता दिईनेछ,

- पर्यटकीय दृष्टिले सर्वाधिक महत्वपूर्ण सिद्ध गुफा तथा वरपरका क्षेत्रलाई थप विकास गर्दै उक्त स्थान सम्म पुग्ने भिमाद सिद्ध गुफा मार्गलाई कालोपत्रे गर्ने योजनालाइ प्रदेश सरकारसँगको सहकार्यमा निरन्तरता दिईनेछ,
- समुदायले सञ्चालन गरेका होम स्टे प्रवर्धनका लागि पूर्वाधार निर्माण र व्यवस्थित रुपमा होम स्टे सञ्चालनका कार्यक्रमहरु सञ्चालन गरिनेछ,
- नगरभित्र बसोवास गर्ने विभिन्न जाति तथा समुदायहरुको मौलिक संस्कृति, नाचगान, भाषा, भेषभुसाको संरक्षण र सम्वर्धन गर्ने कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।

ग. उद्योग वाणिज्य

- स्थानीय कला, सीप र प्रविधिको संरक्षण गर्दै नगरपालिकाको पहिचान झल्किने वस्तुहरुको उत्पादन वृद्धि गर्न घरेलु तथा साना उद्योगहरुको प्रवर्धनमा जोड दिइनेछ,
- कोविड - १९ का कारण वैदेशिक रोजगारबाट फर्किएका तथा रोजगारी गुमाएका युवाहरुलाई उनीहरुको सीप र रुचीका आधारमा उपयुक्त व्यवसाय एवं रोजगारी तर्फ आकर्षित गर्न सीप विकास तालिम दिई प्रविधिमा समेत पहुँच पुऱ्याईनेछ,
- आत्मनिर्भर, आयात प्रतिस्थापन तथा निर्यातजन्य उत्पादनलाई प्रोत्साहित गरिनेछ,
- नगरपालिका र निजीक्षेत्र बिच साझेदारी कम्पनी स्थापनाको लागि पहल गरिनेछ,
- उपयुक्त स्थानमा औद्योगिक ग्राम निर्माणको लागि प्रदेश एवं संघीय सरकारसँग सहकार्य एवं समन्वय गरिनेछ,
- कृषि तथा पशु पंक्षीमा आधारित उद्योगहरुलाई प्रोत्साहित गरिनेछ,
- उपभोक्ताको हितलाई मध्यनजर गर्दै बजारमा गुणस्तरीय वस्तु आपूर्तिको सुनिश्चितता गर्न बजार अनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।

घ. वन तथा वातावरण

- सामुदायिक वन तथा नगरभित्र निर्माण भएका सडकको किनारमा निर्माण संगै अम्रिसो, बाँस आदिको वृक्षारोपणमा जोड दिईनेछ,
- बजार क्षेत्रमा भवन लगायत भौतिक निर्माण कार्य गर्दा सडकको मापदण्ड, ढल, खेल मैदान, पार्क जस्ता विषयहरुलाई प्राथमिकता दिई निर्माण गर्न जोड दिईनेछ,
- सडक र अन्य भौतिक पुर्वाधार निर्माण गर्दा वनजंगल, जडिबुटी, पानीका मुहान तथा वन्यजन्तुलाई असर नपर्ने गरी निर्माण गर्ने र जैविक विविधता तथा पर्यावरणीय संरक्षण गर्न उपभोक्ता समितिहरुलाई जागरुक गराईनेछ,
- अनुत्पादक सार्वजनिक जग्गा पहिचान गरी सो क्षेत्रमा वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ ।

२५. सामाजिक विकास

क. स्वास्थ्य सेवा

- जनताको जीवन रक्षा नगरको पहिलो कर्तव्य हुने भएकोले कोविड - १९ को रोकथाम, नियन्त्रण एवं उपचारलाई पहिलो प्राथमिकतामा राखिएको छ । क्वारेन्टाईन सञ्चालन, Contact Tracing का लागि

जनशक्ति परिचालनका अतिरिक्त Isolation Ward समेतको सञ्चालन गर्नुपर्दा ठूलो धनराशी खर्च हुने भएकोले छुट्टै कोरोना कोष स्थापना गरी सकिएको छ सो कोषमा पर्याप्त बजेट विनियोजन गरिनेछ,

- स्वास्थ्य सेवा सर्वसुलभ र गुणस्तरीय बनाउन भिमाद प्राथमिक स्वास्थ्य केन्द्रलाई १५ शैयाको अस्पतालमा स्तरोन्नति गर्न संघीय सरकार एवं प्रदेश सरकारसँग समन्वय गरिनेछ,
- मौजुदा स्वास्थ्य इकाइहरुमा सेवा विस्तार गर्न वडा नं. ९ मा रहेको आधारभूत स्वास्थ्य केन्द्रमा एक ल्याव अशिष्टेन्ट कर्मचारी सहित स्वास्थ्य प्रयोगशालाको स्थापना गरिनेछ,
- सामुदायिक स्वास्थ्य इकाइहरुमा कार्यरत कर्मचारीहरुको तलब भत्ताका लागि चालु आ.व. २०७६/०७७ देखि संघीय सरकारबाट बजेट उपलब्ध नभएपनि ती ईकाईहरु भौगोलिक विकटताका दृष्टीकोणले अत्यावश्यक देखिएकोले नगरपालिकाले आफ्नै बजेटबाट निरन्तरता दिएकोमा आगामी आ.व. २०७७/०७८ मा पनि निरन्तरता दिईनेछ,
- यस नगरपालिकाबाट प्राथमिक स्वास्थ्य केन्द्रमा सञ्चालित फार्मेसी र आँखा उपचार केन्द्र तथा किहुँ स्वास्थ्य चौकीमा सञ्चालित स्वास्थ्य प्रयोगशालालाई निरन्तरता दिईनेछ,
- भिमाद प्राथमिक स्वास्थ्य केन्द्रमा १ जना रेडियो ग्राफरको व्यवस्था गरिनेछ,
- भिमाद प्राथमिक स्वास्थ्य केन्द्रमा १ र वडा नं. ७, ८ र ९ क्षेत्रमा सेवा पुऱ्याउने गरी दुई वटा एम्बुलेन्स खरिद गरी सञ्चालनमा ल्याईनेछ,
- मातृ मृत्यूदर घटाउन SBA तालिम नलिएका नर्सिङ्ग स्टाफहरुलाई SBA तालिम उपलब्ध गराई सुरक्षित डेलिभरी गराउने व्यवस्था गरिनेछ । क्यान्सर, मुटु, मिर्गौला, स्पाईनल इन्जुरी, पार्किन्सन, अल्जाईमर, सिकलसेल एनिमिया र हेड इन्जुरीको उपचारमा अति गरिब विरामीलाई आर्थिक सहायोग गर्ने नीतिलाई निरन्तरता दिईनेछ, साथै मातृ सहायता कार्यक्रम सञ्चालन गरिनेछ,
- आधारभूत स्वास्थ्य सेवाको उच्चतम उपभोगदर बढाउन समुदायमा स्वास्थ्य शिक्षा प्रवर्धन एवं जनचेतना जगाउने कार्यक्रमहरु सञ्चालन गरिनेछ,
- समय समयमा फैलिन सक्ने रोगको प्रकोप तथा विपद व्यवस्थापनको तत्काल सम्बोधन गर्नका लागि नगरस्तरीय रेपिड रेस्पोन्स टीम परिचालन गरी आवश्यक पर्ने औषधि खरिद समेतको व्यवस्था मिलाई तयारी अवस्थामा राखिनेछ,
- पूर्ण खोप अभियानलाई दिगो बनाउन प्रभावकारी रुपमा निरन्तरता दिइनेछ,
- आयुर्वेद चिकित्सालाई वैकल्पिक चिकित्सा सेवाको रुपमा समय सापेक्ष बनाउँदै लगिने र बढी भन्दा बढी सेवाग्राहीहरुको पहुँचमा पुऱ्याईनेछ, यसका लागि गाउँघर क्लिनिक सञ्चालन गरिनेछ,
- सामुदायिक वनहरुमा पाईने जडीबुटीको सूची तयार गरी उच्च मूल्यका जडीबुटीहरुको व्यावसायिक उत्पादनलाई प्रोत्साहन गर्ने लक्ष्यका साथ आगामी आर्थिक वर्ष २०७७/०७८ मा सूची तयार पारिनेछ ।

ख. शिक्षा, युवा तथा खेलकुद

- शैक्षिक गुणस्तर अभिवृद्धि गर्न सिकाई प्रक्रियामा सूचना प्रविधिको प्रयोग प्रवर्द्धन गरिनेछ,
- १४ वटा सामुदायिक माध्यमिक विद्यालयहरुमा पावर ब्याकअपको व्यवस्था गरिनेछ र विद्यालयहरुमा ईन्टरनेट जडान एवं कम्प्यूटर ल्याबहरुको व्यवस्था गरिनेछ,
- विद्यालय तथा कक्षा शिक्षणको सघन अनुगमन गरिनेछ,

- प्राविधिक जनशक्ति उत्पादनका लागि तनहुँ प्राविधिक शिक्षालयमा सञ्चालन भएको ३ वर्षे कृषि वालिविज्ञान डिप्लोमा तहमा चालु आ.व. २०७६/०७७ देखि दुई जनालाई प्रदान गर्न शुरु गरिएको छात्रवृत्तिलाई निरन्तरता दिइनेछ भने सिद्धार्थ मा.वि. मा चालु आ.व. २०७६/०७७ वाट शुरु गरिएको १५ महिने वाली विज्ञान कार्यक्रमलाई निरन्तरता दिँदै आवश्यक भौतिक पूर्वाधार विकासका लागि संघ र प्रदेश सरकारहरुसँग समन्वय गरिनेछ,
- संघीय शिक्षा ऐनको पर्खाईमा हालसम्म नवनेको शिक्षा ऐन निर्माण गरिनेछ र सोही वमोजिम मौजुदा शिक्षा नियमावलीमा परिमार्जन गरिनेछ,
- संघीय सरकार र प्रदेश सरकारसँग समेत समन्वय गरी विद्यालयका भौतिक पूर्वाधारहरु निर्माण एवं मर्मत संभार गरिनेछ,
- विद्यालय भर्नाका वखत जन्मदर्ता र पूर्णखोप प्रमाणपत्रलाई अनिवार्य गरिनेछ,
- वाल विकास सहजकर्ताहरुलाई पोशाक भत्ता उपलव्ध गराईनेछ,
- विद्यालयहरुमा WASH सहितको शौचालय, शुद्ध खानेपानीको व्यवस्थापनमा जोड दिइनेछ,
- विद्यार्थीहरुमा सरसफाई सम्वन्धी चेतना जगाउन सकिएमा घर अनि समुदायलाई सफा राख्न सकिन्छ भन्ने उद्देश्यले सवै विद्यालयहरुमा फोहर व्यवस्थापन सम्वन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ,
- विद्यार्थीका प्रतिभा उजागर गर्ने वातावरण तयार गर्न प्रतियोगितात्मक कार्यक्रमहरु ल्याईनेछ, शैक्षिक मेलाको आयोजना गरिनेछ,
- खेलकुद क्षेत्रको विकासका लागि प्रदेश सरकारसँगको सहकार्यमा रङ्गशाला एवं खेल मैदानहरु निर्माण गरिनेछ, मेयर कप खेलकुद प्रतियोगितालाई निरन्तरता दिईनेछ,
- यूवाहरुलाई रोजगारीमा ल्याउन उनीहरुको रुची र वजारको माग अनुसारको सीप विकास तालिम सञ्चालनगरिनेछ,
- सीपअसाक्षर युवाहरुको तथ्याङ्क सङ्कलन गरी विवरण अद्यावधिक गरिनेछ र उनीहरुको माग र वजारका आधारमा सीप क्षमता वृद्धि गरी वजारमा विक्न सक्ने वा स्वरोजगारमा जान सक्ने जनशक्ति उत्पादन गरिनेछ,

ग. खानेपानी तथा सरसफाई

- समुदाय र नगरपालिकाको समन्वयमा समुदायकै नेतृत्वमा टोल टोलमा सामुदायिक सरसफाईको नियमित व्यवस्था गरी भिमादलाई स्वच्छ र सुन्दर नगरको रुपमा विकास गरिनेछ,
- नगरको हरेक घरमा पानीको धारा तथा स्वच्छ खानेपानीको व्यवस्था गर्ने दीर्घकालिन लक्ष्यका साथ खानेपानी योजनाहरु सञ्चालन गरिनेछ,
- सार्वजनिक शौचालय निर्माण गर्दा ईकोशान प्रविधिको प्रयोग गर्न उत्प्रेरित गरिनेछ,
- मौजुदा तथा निर्माण हुने खानेपानी योजनाहरुमा ट्रिटमेन्ट प्लान्टहरु राख्न पहल गरिनेछ ।

घ. सामाजिक समावेशीकरण

- विकासको मूलधारमा समावेशी हुन नसकेका दलित, जनजाति, महिला, बालवालिका, अपाङ्ग, वृद्धवृद्धा, मुस्लिम, अल्पसंख्यक तथा पिछाडिएका समुदायलाई लक्षित गरी क्षमता अभिवृद्धि, आयआर्जन एवं चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ,

- लैङ्गिक विभेदलाई हटाई महिलामैत्री नगरको रुपमा विकास गर्न नगरबाट सञ्चालन गरिने कार्यक्रमहरुलाई लैङ्गिक सम्वेदनशील बनाइनेछ र महिला लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ,
- बाल अधिकारका विषयहरु जस्तैः बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिताको अवधारणा अन्तरगत बालबालिकाको सर्वोत्तम हितको सिद्धान्त, सर्वाङ्गीण विकासको सिद्धान्त, सन्निकटताको सिद्धान्त र सामाजिक समावेशीकरणको सिद्धान्तमा आधारित पद्धती र कार्य प्रक्रियामा नै मूल प्रवाहिकरण गर्दै बालमैत्री स्थानीय शासन प्रणालीलाई संस्थागत गरिनेछ,
- सार्वजनिक भौतिक पूर्वाधार निर्माण गर्दा अपाङ्ग मैत्री संरचना बनाइनेछ,
- जेष्ठ नागरिकको सम्मानका लागि जीवनयापनमा सहजता ल्याउन, जेष्ठ नागरिक विच अनुभव आदान प्रदानका लागि योजना र कार्यक्रम ल्याइनेछ साथै अनुभव संगालो प्रकाशन गरिनेछ,
- मौलिक संस्कृति भाषा भेषभुषा संरक्षणतर्फ आवश्यक व्यवस्था मिलाइनेछ र सबै जातजातिको साहित्य, कला, भाषा, इतिहास, संस्कृति सम्वर्द्धन तथा संरक्षण गर्ने नीति लिइनेछ ।

ङ. फोहर मैला व्यवस्थापन

- ल्यान्ड फिल्ड साईटको लागि उपयुक्त स्थानको खोजि गरी योजनावद्ध रुपमा फोहरको वर्गीकरण गरी नकुहिने फोहरको उचित व्यवस्थापन प्रक्रिया अगाडि वढाईनेछ भने कुहिने फोहरलाई खेत वारी, करेशा वारी तथा कौशी खेतिमा मल बनाई प्रयोग गर्न उत्प्रेरित गरिनेछ,
- सार्वजनिक शौचालय निर्माण जनचेतना एवं सरसफाईमा प्राविधिक एवं आर्थिक सहयोग गरी वातावरणीय प्रदुषण कम गर्न पहल गरिनेछ र सार्वजनिक शौचालयहरु निर्माण गर्दा इकोशान प्रविधिको प्रयोग गर्न पहल गरिनेछ ।

२६. पूर्वाधार विकास

- सडक पूर्वाधार निर्माण गर्दा नगर यातायात गुरुयोजना, २०७७ वमोजिम गरिनेछ,
- भिमकाली मार्गको कालोपत्रे योजनालाई पूर्णता दिन प्रदेश र संघका सम्वन्धित निकायहरुसंग पहल गरी निर्माण सम्पन्न गराउन जोड दिइनेछ,
- भिमाद वजार क्षेत्रका सडकहरुलाई लागत सहभागिताको आधारमा कालो पत्रे गर्न जोड दिईनेछ,
- नगरपालिका क्षेत्रभित्र पुर्वाधार विकास निर्माण गर्न मुख्य मुख्य आयोजना छनौट गरि डिपिअर तयार गरी सम्वन्धित निकाय र तहसंग समन्वयगरी निर्माण कार्य अगाडि वढाईनेछ,
- नगरस्तरीय सडकहरुको स्तरोन्नति गरीबाह्रै महिना गाडी चल्ने वनाउने तर्फ जोड दिईनेछ,
- सडक निर्माण तथा मर्मत सम्भार कार्यान्वयन गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रममा तोकिएको आधारलाई समेत ध्यान दिईनेछ,
- सडक निर्माण तथा मर्मत गर्दा ५०% संरचना र ५०% सडक विस्तार एवं कटिङ्गको मापदण्ड कायम गरिनेछ,
- नक्सापास नगरी भौतिक संरचना तथा घर निर्माण गर्ने र स्वीकृत मापदण्ड विपरीत कार्य गर्ने कार्यलाई निरुत्साहित गरी कानूनी दायरामा ल्याईनेछ,

- "हाम्रो सडक हाम्रो सहभागिता, स्तरीय सडक हाम्रो प्रतिवद्धता" अनुरुप नगर क्षेत्र भित्रका कच्ची सडकलाई आवश्यकता अनुसार कल्भर्ट निर्माण तथा ह्युम पाईपको प्रयोग गरी ग्राभेल तथा कालो पत्रेमा स्तरोन्नति गरिनेछ,
- योजना सञ्चालनका गर्दा भिमाद नगरपालिका उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ अनुसार गरिनेछ,
- पूर्वाधारका विकास योजना सञ्चालन गर्दा योजना कार्यतालिका बनाई स्थलगत रुपमा नियमित अनुगमनलाई अझै प्रभावकारी गराईनेछ,
- रु. ५ लाख भन्दा बढी लागत लाग्ने योजनाहरुको कार्यान्वयन गर्दा ठेक्का प्रक्रियालाई प्राथमिकता दिईनेछ,
- समन्वय र साझेदारी विशेष पूँजी र शक्ति हो, विकास निर्माणमा संघ, प्रदेश र गैर सरकारी संस्थाहरु, सहकारी संघ संस्थाहरु, सामाजिक संघ संस्थाहरु, निजी क्षेत्रसंग समन्वय गरी लागत साझेदारीमा पूर्वाधार निर्माण, आय आर्जन र सामाजिक परिचालनका योजनाहरु सञ्चालन गरिनेछ,
- नगरलाई कच्ची बाँधमुक्त बनाउने अभियानलाई निरन्तरता दिईनेछ,
- संघीय एवं प्रदेश सरकारबाट यस नगर क्षेत्रमा सञ्चालन भैरहेका तथा हुने योजनाहरुको गुणस्तर कायम गर्न तथा समयमा नै सम्पन्न गराउन समन्वय एवं सहजीकरण गरिनेछ ।

२६. <u>विपद व्यवस्थापन</u>

- विश्वव्यापी माहामारी कोविड - १९ लगायत अन्य माहामारी रोग तथा प्राकृतिक विपत्तीमा उद्धार, राहत एवं पुनर्थापनाका लागि मौजुदा विपद व्यवस्थापनको कोषमा अन्य निकाय/व्यक्ति/संघ संस्था समेतको योगदान जुटाउने प्रयास गरी आकस्मिक विपद व्यवस्थापनमा सहयोग गरिनेछ,
- विपद जोखिममा परेका विपन्न परिवारको पुनर्स्थापनाका लागि एकीकृत वस्ती विकास गर्न जग्गा पहिचान गर्ने कार्य गरिनेछ,
- सेती नदी लगायत विभिन्न नदी तथा खोलाहरुबाट हुने कटानलाई न्यूनीकरण गर्ने खालका कार्यक्रमहरुमा ठूलो धनराशी लाग्ने हुनाले संघीय तथा प्रदेश सरकारसँग समेत समन्वय गरिनेछ,

२७. स्थानीय कर

- नगरबाट लगाईने कर,दस्तुर, शुल्क, दण्ड जरिवाना आदिको सङ्कलन कार्यलाई सरल बनाईनेछ,
- करको दायरा बढाई कर प्रणालीमा नागरिकहरुको सहभागिता वृद्धि गरिनेछ र राजस्व अभिवृद्धिबाट कूल वजेटमा आन्तरिक आम्दानीको अंश वृद्धि गर्दै लगिनेछ,
- व्यवसाय करको दायरा बढाई बढि भन्दा बढि व्यवसायीहरुलाई करको दायरामा ल्याईनेछ र महिला उद्यमीले सञ्चालन गरेको व्यवसायमा लाग्ने करमा **५० प्रतिशत** छुट दिईनेछ,
- सम्पती कर बुझाउने कार्यलाई वडा कार्यालय मार्फत बुझाउने व्यवस्था मिलाईनेछ,
- सबै वडा कार्यालयहरुमा कर व्यवस्थापनलाई वैज्ञानिक, यथार्थपरक र व्यवस्थित गर्न कम्प्युटरीकृत प्रणालीबाट डाटावेशका आधारमा थालनी गरीएको कर दस्तुर संकलन कार्यलाई थप प्रभावकारी एवं सरल बनाईनेछ,

२८. संस्थागत विकास, सेवा प्रवाह र सुशासन

- नगरपालिका भित्रका नौ वटै वडाहरुमा सार्वजनिक सेवा प्रवाहलाई सरल, सहज, निष्पक्ष, पारदर्शी मितव्यायी बनाई प्रत्येक नागरिकले सुशासनको अनुभुती गर्ने वातावरण सिर्जना गरिनेछ,

- वडा कार्यालयमा नागरिक वडापत्र र नगर कार्यपालिकाको डिजिटल नागरिक वडापत्र बमोजिम सेवा प्रवाहलाई सरल सहज बनाईएको छ,
- भिमाद नगरपालिकालाई सुशासनयुक्त र भ्रष्टाचारमुक्त नगर सरकारको रुपमा स्थापित गर्न सुशासनका आधार स्तम्भ वित्तिय पारदर्शिता, वित्तिय अनुशासन,जवाफदेहिता र मितव्ययीताको उचित कार्यान्वयनका लागि नगरपालिकामा निर्माण हुने सम्पुर्ण सूचनाहरु, बजेट तथा खर्चहरुलाई सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता विधि र प्रक्रिया अपनाई सार्वजनिकीकरण गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ,
- योजना, बजेट तथा कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता ल्याउन कार्यान्वयन कार्ययोजना बनाई लागू गरिनेछ साथै सूचकका आधारमा अनुगमन तथा मुल्याङ्कन गर्ने व्यवस्था मिलाईनेछ,
- चालु आ.व. २०७५/०७६ मा भिमाद नगरको समग्र विकासको लागि निर्माण भएको प्रथम पञ्च वर्षिय योजना कार्यान्वयन गर्ने कार्यलाई अगाडि बढाइनेछ,
- नगरपालिकाको खरिद र ठेक्का प्रक्रियालाई प्रतिस्पर्धात्मक बनाउन आवश्यकता, औचित्यता र जनशक्तिको क्षमताका आधारमा E-biding प्रणालीलाई निरन्तरता दिईनेछ,
- नगरको मुख्य प्रशासनिक भवनको DPR तयार गरिनेछ भने वडा कार्यलय भवन क्रमशः निर्माण गरिनेछ,
- पेश्की तथा बेरुजुहरु शुन्य अवस्थामा राख्न लेखा समितिमा दफावार छलफल गरी नगरसभा समक्ष पेश गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ,
- राष्ट्रिय/अन्तराष्ट्रिय गैरसरकारी संघ संस्थाहरुलाई नगर क्षेत्र भित्र कार्यक्रम सञ्चालन गर्न नगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्न प्रोत्साहन गरिनेछ ।

श्रद्धेय सभासदज्यूहरु

आज हामी कोरोनाको कहरबाट प्रताडित यो घडीमा आगामी आर्थिक वर्ष २०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरिरहेका छौं र कोविड - १९ को व्यवस्थापनमा हाम्रो ध्यान बढी केन्द्रित गर्नुपर्ने स्थिति छ । यस्तो विषम परिस्थितिमा आएको हाम्रो वार्षिक नीति तथा कार्यक्रमले कोविडले सिथिल बनाएको अर्थतन्त्रलाई गतिशिल बनाउँदै हालको परिस्थितिलाई अवसरको रुपमा प्रयोग गरी हाम्रा आर्थिक क्रियाकलापहरुलाई भिमाद नगरपालिकाको समृद्धि तर्फ केन्द्रित गरेर लैजानु पर्ने चुनौति हाम्रो सामु छ । यो चुनौतिको सामना गर्न यहाँहरुको सक्रिय सहयोगको खाँचो छ । त्यसैले यहाँहरुको अमूल्य सहयोग प्राप्त हुने अपेक्षा गरेकोछु । साथै सबै राजनीतिक दल, स्थानीय समाजसेवीहरु, संघसंस्थाहरु, शिक्षक, बुद्धिजिवी लगायत, आम नगरवासीहरुको सहयोग, सद्भाव र ऐक्यवद्धतावाट मात्रै हामी लक्ष्यमा पुग्न सक्छौं । त्यसैले यो वार्षिक नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा सबैको सहयोगको अपेक्षा गरेको छु ।

प्रस्तुत नीति तथा कार्यक्रम तयारीमा सहयोग गर्नुहुने राजश्व परामर्श समिति एव वजेट तर्जुमा समितिका संयोजक उप-प्रमुखज्यू, विषयगत समितिका संयोजकहरु, वडाअध्यक्षज्यूहरु, कार्यपालिकाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सवै राष्ट्र सेवक कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु ।

धन्यवाद

मेख वहादुर थापा
नगर प्रमुख
भिमाद नगरपालिका

मिति २०७७ असार ९ गते

भिमाद नगरपालिकाको सातौं नगरसभामा

नगर उपप्रमुख एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री **शारदा खनाल**बाट प्रस्तुत

भिमाद नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को बजेट वक्तव्य

यस गरिमामय नगरसभाका सभाध्यक्षज्यू

१. भिमाद नगरपालिकाको गरिमामय यस नगरसभामा मैले चौथो पटक बजेट वक्तव्य प्रस्तुत गर्ने अवसर पाएको छु । यस घडीमा लोकतन्त्रिक गणतन्त्र स्थापनाका लागि विभिन्न समयमा भएको आन्दोलनमा जीवन आहुति दिने ज्ञात अज्ञात सम्पूर्ण शहीदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु । साथसाथै हाल विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोविड - १९ बाट जीवन गुमाउने सम्पूर्ण नेपाली तथा संसारभरिका दाजुभाई दिदीबहिनीहरुमा पनि हार्दिक श्रद्धान्जली व्यक्त गर्दछु । कोरोना भाईरस माहामारीबाट संक्रमित भै उपचाररत सम्पूर्ण महानुभावहरुको शिघ्र स्वास्थ्य लाभको पनि कामना गर्दछु ।

२. विश्वले एकैपटक मानवीय तथा आर्थिक सङ्कटको सामाना गर्नु परेको यस अवस्थामा विश्व अर्थतन्त्रमा व्यापक संकुचन आउन सक्ने र विश्व अर्थतन्त्रसँगको अन्तरआवद्धताका कारण नेपालको अर्थतन्त्रका प्रमुख क्षेत्रहरु गम्भिर रुपले प्रभावित हुने देखिन्छ । आज मैले भिमाद नगरपालिकाको चौथो बजेटको रुपमा बजेट प्रस्तुत गरिरहँदा कोरोना माहामारीबाट उत्पन्न चुनौतिपूर्ण जिम्मेवारी र दायित्वलाई हामी स्थानीय सरकारको हैसियतले गम्भीरतापूर्वक बोध गरेका छौं । हामी सबैको साझा प्रयासले कोरोना भाईरसको सामना गर्न सकिन्छ भन्नेमा म विश्वस्त छु ।

३. आगामी आर्थिक वर्ष २०७७/०७८ को बजेट नयाँ परिस्थितिले सृजना गरेको चुनौति र प्राप्त अवसरलाई उपयोग गर्नेतर्फ केन्द्रित गर्ने कोशिष गरिएको छ । स्थानीय स्रोत र साधनको परिचालन गरी उत्पादन क्षेत्र एवं रोजगारी सृजना गर्ने योजना र कार्यक्रम समावेश गर्ने प्रयास गरिएको छ ।

४. बजेट तर्जुमा गर्दा संघीय सरकारको १५ औं योजना, गण्डकी प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना, यस नगरपालिकाको प्रथम पञ्चवर्षीय आवधिक योजना र दिगो विकासका लक्ष्यलाई आधार बनाईएको छ । साथै समयसमयमा विभिन्न माध्यमबाट भिमाद नगरपालिकाका शुभचिन्तक विद्वान वर्गबाट प्राप्त सुझावहरु, विभिन्न समयमा विषयविज्ञको रुपमा उपलब्ध गराईएका विज्ञहरुको राय सुझावहरुलाई समेत मनन गरी बजेट तर्जुमा गरिएको छ ।

५. हामीले हालसम्म ३ वटा बजेट कार्यान्वयन गरि सकेका छौं । यस अवधिमा भौतिक पूर्वाधारको क्षेत्रमा उल्लेखनीय उपलब्धी हासिल भएका छन् । हामीले स्थानीय सरकार सञ्चालनको जिम्मेवारी प्राप्त गरेपछि मौजुदा सडकहरुको स्तरवृद्धि गरी नगरको अधिकाँश सडकहरुलाई वर्षभरी यातायात चल्नसक्ने

बनाईएको छ । हालसम्म १२.१० कि.मि. सडक कालोपत्रे, ५३.०१४ कि.मि. चौडा गर्ने, १४ वटा कल्भर्ट बनाउने, १६.८९ कि.मि. ग्राभेल गर्ने कार्य सम्पन्न भएको छ । संघीय सरकार तथा प्रदेश सरकारको समपुरक अनुदानमा २ वटा सडकहरु भि.सी. नेत्र बहादुर मार्ग (१.८ कि.मि.) र चिहानडाँडा मोहोरिया मार्ग (२ कि.मि.) आगामी आर्थिक वर्षमा सम्पन्न हुने गरी कार्य भैरहेको छ र संघीय र प्रदेश सरकारसँगको साझेदारीमा करिब १० कि.मि. सडक कालोपत्रे हुने अवस्थामा रहेका छन् । यस नगरपालिकाको मुख्य बजार भिमाद बजारमा रहेको बसपार्कलाई कालोपत्रे गरिएको छ ।

६. सबै नगरबासीमा खानेपानीको सुविधा पुऱ्याउने योजनाहरु सञ्चालन गरिएका छन् । नयाँ योजनाहरु निर्माण एवं मौजुदा योजनाहरुको मर्मत संभार कार्य गरिएको छ । एक घर एक धाराको अभियान शुरु भएको छ ।

७. कृषि उत्पादनमा वृद्धि गरी निर्वाहमुखी कृषि प्रणालीबाट व्यावसायिकता तर्फ रुपान्तरण गर्न आउँदो २ वर्षभित्र नगरभित्रका सबैं कच्ची कुलोहरुको स्तरोन्नति गर्नेगरी योजनाहरु सञ्चालन भएका छन् । विगत ३ वर्षमा १५७१ मीटर कच्ची कुलो पक्की गरिएको छ ।

८. पर्यटन क्षेत्र तर्फ ४ वटा होम स्टे स्थापना गरी सञ्चालनमा रहेका छन् भने धन्दुर सिद्धगुफा, कोटवाराही, ऐतिहासिक झोलुङ्गेपुल तथा वरपरको क्षेत्र, सतीकोट लगायतका पर्यटन क्षेत्रको पूर्वाधार विकास कार्यक्रमहरु भैरहेका छन् भने इलुङ्ग झर्ना र आँटीछाप झर्ना क्यानोनिङ्गको लागि पूर्वाधार निर्माण र सामान खरिद कार्यक्रम भैरहेको छ । ३ वर्षमा ४४ वटा मन्दीर तथा पाटीपौवाहरु निर्माण तथा मर्मत सम्भार गर्ने कार्य सम्पन्न भएको छ । नगरभित्रका विभिन्न समुदायको परम्परा संस्कृतिको संरक्षण गर्ने कार्य भैरहेको छ । पार्क तथा पदमार्गहरुको निर्माण भैरहेको छ ।

९. कृषितर्फ नगरक्षेत्रलाई विभिन्न वस्तुको पकेट तथा स्रोतकेन्द्रको रुपमा विकास गर्ने गरी कार्य भैरहेको छ । मुख्यमन्त्री वातावरणमैत्री कृषि नमूना गाउँ कार्यक्रम वडा नं. ९ मा सञ्चालित छ । प्रदेश सरकारको सहयोगमा कोल्डस्टोर, हाईटेक ग्रीन हाउस नर्सरी लगायतका पूर्वाधारहरु निर्माण भैरहेका छन् । फलफुल, तरकारी तथा मासु उत्पादनमा आत्मनिर्भर हुने गरी कार्यक्रमहरु सञ्चालन भैरहेका छन् । बाली तथा माछामासु उत्पादनमा निजी क्षेत्र आकर्षित भएको छ ।

१०. युवाहरुको सीप विकासका लागि विभिन्न सीपमूलक तालिमहरु प्रदान गरी स्वरोजगारी र रोजगारी सृजना गर्ने प्रयास गरिएको छ । साथै उपयुक्त प्रविधिहरु ८० प्रतिशत अनुदानमा वितरण गरिएको छ । यसबाट केही प्रतिफलहरु देखिन थालेका छन् । केहीले प्राप्त सीपको उपयोगबाट स्वःव्यवसाय सञ्चालन गरेकाछन् ।

११. उपयुक्त जग्गा व्यवस्थापन हुन नसक्दा यस नगरपालिकाको मुख्य प्रशासनिक भवनको निर्माण कार्य अघि बढाउन सकिएको छैन । वडा कार्यालयहरु मध्ये वडा नं. ३ र ४ को वडा कार्यालय भवन निर्माणको चालु आ.व. मा टेण्डर प्रक्रिया पुरा भै आगामी आ.व. २०७७/०७८ मा सम्पन्न हुने गरी निर्माण कार्य अघि बढेको छ ।

१२. विद्यालयहरुको भौतिक पूर्वाधार विकास तर्फ संघीय सरकार र नगरपालिकाको आफ्नै स्रोतबाट विद्यालय भवनहरु नयाँ निर्माण एवं स्तरोन्नति एवं मर्मत संभार भएको छ । संघीय सरकारको सशर्त अनुदान मार्फत प्राप्त बजेटबाट विज्ञान प्रयोगशाला, सूचना प्रविधि, वास सहितको शौचालय, पुस्तकालयको व्यवस्थापन गरिएको छ ।

१३. अत्यन्त न्यून विद्यार्थी भएका विद्यालयहरु गाभ्ने कार्य भएको छ । ३ वर्षको अवधिमा ५ वटा विद्यालयहरु गाभिएका छन् । नगरपालिकाको आफ्नै स्रोतमा ५ वटा विद्यालयमा खेलकुद शिक्षक, ५ वटा विद्यालयमा कम्प्यूटर शिक्षक, दुई वटा विद्यालयमा लेखा शिक्षक, १५ वटा विद्यालयमा बाल विकास सहजकर्ता उपलब्ध गराईएको छ ।

१४. नागरिकको स्वास्थ्यलाई प्राथमिकता दिदै स्वास्थ्य सेवाको विस्तार गरिएको छ । संघीय सरकारको सहकार्यमा स्वास्थ्य संस्था नभएका ४ वटा वडाहरुमा आधारभूत स्वास्थ्य संस्था स्थापना गरी सञ्चालनमा आएको छ । साविकमा सञ्चालनमा रहेको ३ वटा सामुदायिक स्वास्थ्य ईकाईहरुलाई नगरपालिकाले आफ्नै स्रोतको व्यवस्था गरी निरन्तरता दिईएको छ । वडा नं १ स्थित किहुँ स्वास्थ्य चौकीमा स्वास्थ्य प्रयोगशाला सञ्चालनमा ल्याईएको छ । यसैगरी भिमाद प्राथमिक स्वास्थ्य केन्द्रमा एक जनशक्ति सहितको सहुलियतदरमा औषधी उपलब्ध गराउने गरी फार्मेसी र हिमालय आँखा अस्पतालसँगको सहकार्यमा आँखा उपचार केन्द्र स्थापना गरी सञ्चालनमा ल्याईएको छ । साथै भिमाद प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नति गरी १५ शैयाको अस्पताल निर्माणका लागि पहल गरिएको छ ।

१५. खेलकुद क्षेत्रको विकासमा पनि नगरको ध्यान गएको छ । प्रत्येक वर्ष मेयर कप खेलकुद प्रतियोगिता नियमित रुपमा सञ्चालन भैरहेको छ । भिमाद बजारमा रहेको तथा अन्य वडाहरुमा रहेका खेल मैदानहरुलाई गण्डकी प्रदेश सरकारसँगको सहकार्यमा स्तरवृद्धि गरि रङ्गशालाको रुपमा विकास गर्ने कार्य भैरहेको छ ।

१६. सेवा प्रवाहलाई छिटो छरितो, सरल र सहज ढङ्गले सेवाग्राहीको पहुँचमा पुन्याउनका लागि कर प्रणाली, व्यक्तिगत घट्ना दर्ता, भुक्तानी प्रणालीलाई Online गरिएको छ । केन्द्रमा डिजीटल नागरिक वडापत्र तथा वडाहरुमा वडापत्रको व्यवस्था गरिएकोछ । योजनाहरुको गुणस्तरलाई ध्यान दिदै रु. ५ लाख भन्दा बढीका योजनाहरुको नगरस्तरीय अनुगमन समितिको सिफारिशमा मात्र भुक्तानी हुने व्यवस्था मिलाईएको छ । टेण्डर प्रक्रियालाई बढी भन्दा बढी प्रतिस्पर्धी बनाउन विद्युतीय टेण्डर प्रणाली अवलम्बन गरिएको छ । सबै वडा कार्यालयहरुमा ईन्टरनेट सुविधा जडान गरी सकिएको छ ।

१७. कोविड - १९ को रोकथाम र नियन्त्रणका लागि नगरपालिकामा उपलब्ध सीमित बजेटबाट छुट्टै कोरोना कोषको स्थापना गरी परिचालन गरिएको छ । सीमित स्रोतको अधिकतम उपयोग गरी मितव्ययी ढङ्गले क्वारेन्टाईन सञ्चालन, राहत वितरण तथा त्यससँग सम्बन्धित क्रियाकलापहरु सञ्चालन गरिएको छ । बन्दाबन्दी कार्यान्वयनको क्रममा अत्यावश्यक वस्तुहरुको आपूर्ति व्यवस्थालाई सहज बनाई कृत्रिम मूल्य वृद्धि हुन दिईएको छैन ।

सभाध्यक्ष महोदय,

१८. अब म आर्थिक वर्ष २०७७/०७८ बजेटका उद्देश्य तथा प्राथिमकताहरु प्रस्तुत गर्न चाहन्छु । बजेटका उद्देश्यहरु निम्नानुसार छन्,

(क) कोविड - १९ (कोरोना भाईरस) को रोकथाम, नियन्त्रण र उपचारको उचित व्यवास्थापन गर्नु,

(ख) सीमित स्रोत र साधनको अधिकतम परिचालन गरी सिथिल अर्थतन्त्रलाई गतिशिल तुल्याउनु,

(ग) आर्थिक तथा सामाजिक क्षेत्रलाई जोड दिंदै पूर्वाधार विकासलाई पनि संगसंगै अघि बढाउनु,

(घ) विकास आयोजनाहरुको कार्यान्वयन तथा सेवा प्रवाहलाई सरल, सहज र छिटो छरितो गर्न सूचना प्रविधिको प्रयोग बढाउँदै सुशासन कायम गर्नु ।

१९. बजेटका उद्देश्यहरु प्राप्तीका लागि देहाय बमोजिम क्षेत्रगत तथा कार्यक्रमगत प्राथमिकता निर्धारण गरिएको छः

(क) कोरोना लगायत सबै प्रकारका स्वास्थ्य जोखिमबाट नागरिकहरुलाई सुरक्षित राख्न स्वास्थ्य सेवाको विस्तार गर्ने,

(ख) कोरोनाका कारण स्वदेश तथा विदेशमा रोजगारी गुमाएका र बेरोजगार नागरिकलाई रोजगारीको अवसर निर्माण गर्ने,

(ग) कृषि लगायतका उत्पादन क्षेत्रको प्रवर्द्धन गरी आयात प्रतिस्थापन तथा निर्यात प्रर्द्धन गर्ने क्षेत्रमा योगदान दिने क्षेत्रमा लगानी केन्द्रित गर्ने,

(घ) विकासको शिघ्र प्रतिफल प्राप्त हुने कार्यक्रम तथा आयोजनाहरु सञ्चालन गर्ने,

(ङ) संघीय सरकार र प्रदेश सरकारसँगको साझेदारीमा भौतिक पूर्वाधार विकास निर्माणका योजनाहरुमा जोड दिने,

(च) सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, पारदर्शी र सुलभ बनाई नागरिकको पहुँमा अभिवृद्धि गर्ने,

सभाध्यक्ष महोदय,

२०. अब म संघीय सरकार र प्रदेश सरकारबाट अन्तरसरकारी वित्तीय हस्तान्तरण बमोजिम प्राप्त अनुदान र नगरपालिकाको आन्तरिक आम्दानी र उल्लेखित स्रोतबाट प्राप्त हुने कुल आय र चालु आर्थिक वर्ष २०७६/०७७ को बजेट खर्चको स्थिति प्रस्तुत गर्न चाहन्छु ।

<u>आय तर्फ</u>

२१. चालु आर्थिक वर्षमा संघीय सरकारबाट समानीकरण अनुदानमा रु. ११ करोड ४८ लाख, राजश्व बाँडफाँड तर्फ रु. ८ करोड ७३ लाख तथा सशर्त अनुदानमा १७ करोड ७१ लाख र समपुरक अनुदान तर्फ ४० लाख गरी कुल ३८ करोड ३२ लाख प्राप्त हुने सीमा प्राप्त भएकोमा समानिकरण अनुदान र समपुरक अनुदान तर्फ सीमा वमोजिम नै प्राप्त भै सकेको छ । राजश्व बाँडफाँड तर्फ २०७६ चैत्र मसान्तसम्म रु. ५ करोड १ लाख ३५ हजार ९ सय ८१ मात्र प्राप्त हुन आएकोले चालु आ.व.मा झण्डै ६ करोड मात्र प्राप्त हुने संशोधित अनुमान गरिएको छ । संघीय सरकारको सशर्त अनुदान तर्फ विभिन्न शिर्षकमा थप बजेट प्राप्त हुने गरी कार्यक्रम थप हुन गएको हुँदा रु. २० करोड २१ लाख १५ हजार प्राप्त हुने संशोधित सीमा प्राप्त भएकोमा २०७७ जेष्ठ मसान्त सम्म १९ करोड ९५ लाख २८ हजार ३ सय तीस मात्र प्राप्त भएको छ । राजश्व बाँडफाँड तर्फको सिलिङ्ग अनुसारको बजेट प्राप्त नहुँदा यस स्रोत अन्तरगत विनियोजन भएका योजनाहरुको भुक्तानीमा बजेट अपुग हुन सक्ने देखिएको छ ।

यसैगरी गण्डकी प्रदेश सरकारबाट चालु आर्थिक वर्षको लागि समानीकरण अनुदानमा रु. १ करोड २३ लाख ८१ हजार, राजश्व बाँडफाँड तर्फ ६८ लाख ५१ हजार र समपुरक अनुदान तर्फ १ करोड ६३ लाख ६४ हजार ९ सय ७८ को सीमा प्राप्त भएकोमा समानिकरण तर्फ रु. १ करोड ३२ लाख १४ हजार ७ सय ६१ मात्र प्राप्त भएको छ । समपुरक अनुदान तर्फ १ करोड १३ लाख ६४ हाजर ९ सय ७८ प्राप्त भएकोछ । गण्डकी प्रदेश सरकारको राजश्व बाँडफाँड तर्फ घर जग्गा रजिष्ट्रेशन दस्तुरको रु २९ लाख ८३ हजार ८ सय १ मात्र प्राप्त भएको छ । सवारी साधन कर तर्फ भने हाल सम्म कुनै पनि रकम प्राप्त भएको छैन ।

आन्तरिक आय तर्फ नगद मौज्दात सहित रु ८ करोड ८३ लाख १८ हजार उठ्ने अनुमान गरिएकोमा जेष्ठ मसान्तसम्म जम्मा रु १० करोड २९ लाख ४३ हजार ४ सय ८८ सङ्कलन भै लक्ष्य भन्दा वढी आम्दानी भएको छ ।

यसरी यस नगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ को कुल अनुमानित आय रु. ५२ करोड ८२ लाख ९ हजार ९ सय ७८ रहेकोमा २०७७ ज्येष्ठ मसान्त सम्म कुल रु. ४९ करोड ४९ लाख ७१ हजार ३ सय ४० वास्तविक आय भएको छ ।

<u>व्यय तर्फ</u>

२२. सशर्त अनुदान वाहेक यस नगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ को स्वीकृत बजेटबाट २०७७ साल असार ७ गते सम्ममा क्षेत्रगत रुपमा देहाय वमोजिम खर्च भएको छः
आर्थिक विकासका क्षेत्रको कुल २ करोड ४७ लाख बजेट मध्ये ८५ लाख ३५ हजार २ सय ६ अर्थात ३४.५६ प्रतिशत, पूर्वाधार विकास क्षेत्रमा १२ करोड ४६ लाख १४ हजार ९ सय ७८ मध्ये ६ करोड ८५ लाख १७ हजार ७ सय ११ अर्थात ५४.९८ प्रतिशत, सामाजिक विकासमा ३ करोड २ लाख ३० हजार मध्ये १ करोड ६५ लाख ६३ हजार ८ सय ११ अर्थात ५४.७९ प्रतिशत, सुशासन

तथा अन्तरसम्बन्धित क्षेत्रमा कुल ५० लाख ५० हजार मध्ये ७ लाख ६१ हजार ४ सय ९७ अर्थात १५.०८ प्रतिशत र कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च तर्फ १४ करोड १४ लाख २० हजार कुल बजेट मध्ये ६ करोड ५९ लाख ७२ हजार ९ सय ८५ अर्थात ४६.६५ प्रतिशत खर्च भै समग्रमा ४९.१९ प्रतिशत खर्च भएको छ ।

२३. सशर्त अनुदान समेत समावेश गर्दा आर्थिक वर्ष २०७६/०७७ को स्वीकृत बजेटबाट २०७७ साल असार ७ गते सम्ममा क्षेत्रगत रुपमा देहाय बमोजिम खर्च भएको छः
आर्थिक विकास क्षेत्रको कुल २ करोड ६७ लाख बहत्तर हजार बजेट मध्ये ९३ लाख ६६ हजार १ सय ६३ अर्थात ३४.९८ प्रतिशत, पूर्वाधार विकास क्षेत्रमा १४ करोड २६ लाख ४३ हजार ९ सय ७८ मध्ये ७ करोड २३ लाख २७ हजार ८ सय १० अर्थात ५०.७१ प्रतिशत, सामाजिक विकासमा ३२ करोड ८४ लाख ७४ हजार मध्ये २८ करोड ५२ लाख १५ हजार ३१ अर्थात ८६.८३ प्रतिशत, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा कुल ८३ लाख ८७ हजार मध्ये ५५ लाख ९७ हजार अर्थात ६६.७३ प्रतिशत र कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च तर्फ १४ करोड २९ लाख ३३ हजार कुल बजेट मध्ये ६ करोड ६८ लाख १ हजार ५ अर्थात ४६.७४ प्रतिशत खर्च भै समग्रमा ६७.६७ प्रतिशत खर्च भएको छ ।

टेण्डरबाट कार्यान्वयन गरिएका योजनाहरुमा तथा चालु प्रकारका कार्यक्रमहरुमा बाहेक अन्य योजनाहरुमा अग्रिम पेश्की दिने प्रावधान नभएकोले धेरै योजनाहरु कार्यसम्पन्न भै भुक्तानी हुन बाँकी रहेकोले खर्च प्रतिशत कम देखिन गएको छ ।

सभाध्यक्ष महोदय,

२४. अब म आगामी आर्थिक वर्ष २०७७/०७८ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

सर्व प्रथम म अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तरगत संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान, संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड र यस नगरपालिकाको आन्तरिक स्रोत गरी कुल रु. ३० करोड ३८ लाख ७ हजार ७ सय २० बजेटको विनियोजन सम्बन्धी विवरण प्रस्तुत गर्न चाहन्छु ।

२५. आर्थिक विकास क्षेत्रतर्फ कृषि क्षेत्रमा रु. १ करोड २४ लाख, पशु पंक्षीमा रु. ९२ लाख ६० हजार, जालस्रोत तथा सिंचाईमा रु. ८७ लाख, वनमा रु. १ लाख, पर्यटनमा रु. ६० लाख र उद्योगमा रु. ६ लाख गरी **कुल रु. ३ करोड ७० लाख ६० हजार** विनियोजन गरिएको छ ।

२६. पूर्वाधार विकासतर्फ यातायात पूर्वाधार रु. ९ करोड २० लाख, भवन आवास तथा शहरी विकासमा रु. ३ करोड ९६ लाख र उर्जामा रु. ५ लाख गरी कुल रु. १३ करोड २१ लाख विनियोजन गरिएको छ ।

२७. सामाजिक विकास क्षेत्रमा सबै भन्दा बढी शिक्षा क्षेत्रमा विनियोजन गरिएको छ । शिक्षा क्षेत्रमा रु. १ करोड २० लाख ९९ हजार ७ सय २०, खानेपानी तथा सरसफाईमा रु. १ करोड ०५ लाख ५०

हजार, स्वास्थ्यमा रु. १ करोड ०५ लाख १७ हजार, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमा रु. ४६ लाख ८१ हजार र युवा तथा खेलकुदमा रु. १९ लाख ५० हजार गरी **कुल रु. ३ करोड ९७ लाख ९७ हजार ७ सय २०** विनियोजन गरिएको छ ।

२८. सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रमा शासन प्रणालीमा रु. १ लाख ५० हजार र वित्तीय सुशासनमा रु. १ लाख र विपद व्यवस्थापनमा रु. २० लाख गरी **कुल रु. २२ लाख ५० हजार** विनियोजन गरिएको छ ।

२९. कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च कुल रु. ९ करोड २६ लाख विनियोजन गरिएको छ ।

३०. यसरी संघीय सरकार र गण्डकी प्रदेश सरकारबाट प्राप्त हुने सशर्त, विशेष र समपुरक अनुदानबाट सञ्चालन हुने योजना/कार्यक्रम बाहेक कुल रु. ३० करोड ३८ लाख ७ हजार ७ सय २० खर्च हुने अनुमान गरिएको छ ।

सभाध्यक्ष महोदय,

३१. अब म संघीय सरकार र गण्डकी प्रदेश सरकारको सशर्त, विशेष र समपुरक अनुदानबाट सञ्चालन हुनेगरी बाँडफाँड भएको योजना/कार्यक्रम समावेश गरी यस नगरपालिकाबाट सञ्चालन हुने सबै योजना/कार्यक्रमहरुको खर्च अनुमान प्रस्तुत गर्न चाहन्छु ।

३२. आर्थिक विकास क्षेत्र अन्तरगत कृषि क्षेत्रमा रु. १ करोड ५३ लाख, पशु पंक्षीमा रु. १ करोड ०८ लाख ६० हजार, जलस्रोत तथा सिंचाईमा रु.९० लाख, पर्यटनमा रु. ७० लाख, वनमा रु. १ लाख र वित्तीय क्षेत्रमा रु. ५० लाख र उद्योगमा रु. ३५ लाख गरी आर्थिक विकास क्षेत्रमा कुल ५ करोड ७ लाख ६० हजार विनियोजन गरिएको छ ।

३३. पूर्वाधार विकास क्षेत्र अन्तरगत यातायात पूर्वाधार १० करोड २० लाख, भवन आवास तथा शहरी विकासमा ३ करोड ९६ लाख र उर्जामा १० लाख गरी पूर्वाधार विकास क्षेत्रमा कुल रु. १४ करोड २६ लाख विनियोजन गरिएको छ ।

३४. सामाजिक विकास क्षेत्र शिक्षा क्षेत्रमा रु. २० करोड ३८ लाख ९९ हजार ७ सय २०, खानेपानी तथा सरसफाईमा रु. १ करोड ५ लाख ५० हजार स्वास्थ्यमा रु. ४ करोड ५८ लाख १७ हजार, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमा रु. ४९ लाख ८१ हजार, युवा तथा खेलकुदमा रु. २० लाख ५० हजार र सामाजिक सुरक्षा तथा संरक्षणमा रु. ६३ लाख गरी सामाजिक विकास क्षेत्रमा कुल २७ करोड ३५ लाख ९७ हजार ७ सय २० विनियोजन गरिएको छ ।

३५. सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रमा शासन प्रणालीमा रु. १ लाख ५० हजार, वित्तीय सुशासनमा रु. १ लाख, शान्ति तथा सुव्यवस्थामा रु. ३५ लाख र विपद व्यवस्थापनमा २० लाख गरी कुल रु. ५७ लाख ५० हजार विनियोजन गरिएको छ ।

३६. कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च तर्फ कुल रु. ९ करोड २६ लाख खर्च हुने अनुमान गरिएको छ ।

३७. यसरी आगामी आर्थिक वर्ष २०७७/०७८ का लागि कुल **रु. ५६ करोड ५३ लाख ७ हजार ७ सय २०** खर्च हुने अनुमान गरिएको छ ।

सभाध्यक्ष महोदय,

३८. अब म बजेटमा उल्लेखित क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने बजेट विनियोजन र स्रोत अनुमान प्रस्तुत गर्न चाहन्छु ।

३९. भिमाद नगरपालिकाको आगामी आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्न तर्जुमा गरिएका योजना तथा कार्यक्रम सञ्चालन गर्न चालु खर्चतर्फ रु. ३६ करोड ८९ लाख ७ हजार ७ सय २० अर्थात कुल बजेटको ६५.२६ प्रतिशत खर्च हुने र पूंजीगत तर्फ १९ करोड ६४ अर्थात कुल बजेटको ३४.७४ प्रतिशत खर्च हुने अनुमान गरिएको छ । यसरी कुल खर्च रु. ५६ करोड ५३ लाख ७ हजार ७ सय २० हुने अनुमान छ ।

४०. आगामी आर्थिक वर्ष २०७७/०७८ मा अनुमान गरिएको कुल खर्च व्यहोर्ने स्रोत मध्ये अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तरगत संघीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदान रु. ११ करोड ५१ लाख, सशर्त अनुदान रु. २३ करोड ६५ लाख, विशेष अनुदान रु. ५० लाख, समपुरक अनुदान रु. ५० लाख र राजश्व बाँडफाँड तर्फ रु. ८ करोड ३५ लाख ९८ हजार गरी कुल जम्मा रु. ४४ करोड ५१ लाख प्राप्त हुने अनुमान गरिएको छ । गण्डकी प्रदेशबाट समानीकरण अनुदान रु. १ करोड २१ लाख ३७ हजार, राजश्व बाँडफाँडबाट रु. ४९ लाख ७२ हजार, सशर्त अनुदान रु. १ करोड, विशेष अनुदान रु. ५० लाख, समपुरक अनुदान रु. ५० र घर जग्गा रजिष्ट्रेशन रु. ३० लाख गरी गण्डकी प्रदेश सरकारबाट कुल अनुदान रु. ३ करोड ७१ लाख ९ हजार प्राप्त हुने अनुमान गरिएको छ । यसैगरी आन्तरिक आय तर्फ रु. २ करोड खुद आन्तरिक आम्दानी हुने र चालु आर्थिक वर्षमा खर्च नभै बाँकी हुने अनुमान गरिएको रु. ६ करोड गरी ८ करोड हुने अनुमान गरिएको छ । यसरी चालु आर्थिक वर्ष २०७७/७८ मा यस नगरपालिकाको आ.व. २०७७/७८ मा कुल आम्दानी रु. ५६ करोड ५३ लाख ७ हजार ७ सय २० हुने अनुमान गरिएको छ । यो बजेटमा संघीय सरकारबाट प्राप्त हुने सामाजिक सुरक्षा भत्ता अनुदान समावेश गरिएको छैन । उक्त बजेट अन्तरसरकारी अख्तियारी मार्फत प्राप्त भई खर्च हुने भएकोले यस नगरपालिकाको बजेटमा समावेश नगरिएको हो ।

४१. सामाजिक सुरक्षा भत्ता अनुदान, समपुरक अनुदान तथा अन्य अख्तियारी मार्फत प्राप्त हुने बजेटहरु SUTRA प्रणालीमा प्रविष्टि गरी प्रणालीमा नै स्वीकृत गरी भुक्तानी दिने व्यवस्था मिलाईएको छ ।

सभाध्यक्ष महोदय,

४२. अब म आर्थिक वर्ष २०७७/०७८ को लागि राजस्व नीति प्रस्तुत गर्न चाहन्छु ।

४३. नेपालको संविधान २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेको अधिकार क्षेत्रभित्र रही कुल बजेटमा आन्तरिक आम्दानीको अंश बृद्धि गर्दै लैजाने गरी करको दरमा सामान्य परिवर्तन तथा करको दायराको व्यापक उपयोग गर्ने नीति लिईनेछ ।

४४. सम्पत्ति कर अग्रीम रुपमा बुझाउन करदातालाई दिइने छुट तथा समयमा कर नतिर्ने करदाताहरुलाई लगाईने जरिवाना साविक बमोजिम नै कायम गरिएको छ । अन्य करका दरहरुमा भएका परिवर्तित दरलाई आर्थिक विधेयकमा उल्लेख गरिएको छ ।

४५. करका दरहरु समेत उल्लेख भएको आर्थिक विधेयक, २०७७ तथा खर्चलाई व्यवस्थित गर्न बनेको विनियोजन विधेयक, २०७७ समेत साथै पेश गरेकोछु ।

सभाध्यक्ष महोदय,

नगर सभासदस्यज्यूहरु,

४६. विश्वव्यापी माहामारीको रुपमा फैलिएको कोरोना भाईरस सङ्क्रमणको यो सङ्कटपूर्ण अवस्थमा आएको हाम्रो आ.व. २०७७/०७८ को यो बजेटको कार्यान्वयन विगतको भन्दा बढी चुनौति पूर्ण छ । यस सङ्कटपूर्ण घडीमा नागरिकहरुको जीवन रक्षा गर्नु हाम्रो पहिलो कर्तव्य हुन आउँछ तर शिथिल अर्थतन्त्रलाई चलायमान नगराई सुखछैन । यो चुनौतिपूर्ण घडीमा हामी सबै राजनैतिक दल, बुद्धिजिवी, निजी क्षेत्र, नागरिक समाज, शिक्षक, पत्रकार लगायत हामी सबै एक भएर जुटौं कोरोनाको सामाना गरौं भन्ने निवेदन गर्दै यो बजेटको कार्यान्वयनमा सबैको आ-आफ्नो क्षेत्रबाट अमूल्य सहयोग प्राप्त हुनेनैछ भन्ने अपेक्षा गर्दछु ।

४७. अन्तमा, बजेट तर्जुमाका लागि मार्ग दर्शन तथा क्षमता अभिबृद्धिमा सहयोग प्रदान गर्ने राष्ट्रिय योजना आयोग, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, संघीय सरकार, गण्डकी प्रदेश नीति तथा योजना आयोग लगायत प्रदेश सरकारका माननीय मन्त्रिज्यूहरु, माननीय सभासदज्यूहरु, श्रद्धेय नगर प्रमुखज्यू, स्रोत अनुमान तथा बजेट सीमा निर्धाण समितिका पदाधिकारीज्यूहरु, कार्यपालिकाका सदस्यज्यूहरु, नगरसभाका सभासदज्यूहरु, भिमाद नगरपालिकाका बुद्धिजिवी, विद्वान विशेषज्ञज्यूहरु, टोल विकास संस्थाका पदाधिकारीज्यूहरु लागायत सम्पूर्ण नगरवासीहरुमा बजेट तर्जुमामा सहयोग गर्नु भएकोमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु । बजेट तर्जुमामा अहोरात्र खटिनु भएका प्रमुख प्रशासकीय अधिकृत लगायत भिमाद नगरपालिकाका सम्पूर्ण कर्मचारीहरुलाई पनि हार्दिक धन्यवाद टक्र्याउन चाहन्छु ।

**शारदा खनाल**
उपप्रमुख एवं संयोजक
बजेट तथा कार्यक्रम तर्जुमा समिति
भिमाद नगरपालिका

मितिः २०७७ असार १० गते

## भिमाद नगरपालिकाको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०७७

**प्रस्तावनाः** भिमाद नगरपालिकाले आर्थिक वर्ष २०७७/०७८ देखि अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम भिमाद नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "भिमाद नगरपालिकाको आर्थिक ऐन, २०७७" रहेको छ। यो ऐन २०७७ साल श्रावण १ गतेदेखि भिमाद नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** नगरपालिकाका क्षेत्रभित्र अनुसूची (१) बमोजिम सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** नगरपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **मनोरन्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **पटके व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र घुम्ती व्यापार गर्नेलाई अनुसूची (८) मा उल्लेख भए अनुसार कर लगाईने छ ।

१०. **पार्किङ शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **सेवा शुल्क, दस्तुरः** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूची १० मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीवाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **साना सवारी साधन करः** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (११) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१३. **पर्यटनशुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १२ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१४. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१५. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

अनुसुची १

भिमाद नगरपालिका

कर विवरण र दर सूची

आ.व. २०७७/०७८ को लागि सम्पत्ति करको दर

| सि.नं. | कर सूचि | विवरण | एकाई | दर रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | सम्पत्ति कर | १.०० देखि १०००००.०० सम्म | | २५ | |
| २ | | १००००१.०० देखि २००००००सम्म | | ५० | |
| ३ | | २००००१.०० देखि ३००००००.०० सम्म | | ७५ | |
| ४ | | ३००००१.०० देखि ४००००००.०० सम्म | | १०० | |
| ५ | | ४००००१.००देखि ६००००००.००सम्म | | १२५ | |
| ६ | | ६००००१.००देखि ८००००००.००सम्म | | १५० | |
| ७ | | ८००००१.००देखि १०००००००.००सम्म | | २०० | |
| ८ | | १०००००१.०० देखि १२००००००.०० सम्म | | २५० | |
| ९ | | १२००००१.०० देखि १४००००००.०० सम्म | | ३०० | |
| १० | | १४००००१.०० देखि १७००००००.०० सम्म | | ३५० | |
| ११ | | १७००००१.०० देखि २०००००००.०० सम्म | | ४०० | |
| १२ | | २०००००१.०० देखि २२००००००.०० सम्म | | ५०० | |
| १३ | | २२००००१.०० देखि २४००००००.०० सम्म | | ५५० | |
| १४ | | २४००००१.०० देखि २६००००००.०० सम्म | | ६५० | |
| १५ | | २६००००१.०० देखि २८००००००.०० सम्म | | ७५० | |
| १६ | | २८००००१.०० देखि ३०००००००.०० सम्म | | १००० | |
| १७ | | ३०००००१.०० देखि ३४००००००.०० सम्म | | १२०० | |
| १८ | | ३४००००१.०० देखि ३८००००००.०० सम्म | | १५०० | |
| १९ | | ३८००००१.०० देखि ४२००००००.०० सम्म | | २००० | |
| २० | | ४२००००१.०० देखि ४६००००००.०० सम्म | | २५०० | |
| २१ | | ४६००००१.०० देखि ५०००००००.०० सम्म | | ३००० | |
| २२ | | ५००००१.०० देखि ६०००००००.०० सम्म | | ४००० | |
| २३ | | ६००००१.०० देखि ७५००००००.०० सम्म | | ५५०० | |
| २४ | | ७५००००१.०० देखि ९००००००.०० सम्म | | ७५०० | |
| २५ | | ९०००००१.०० देखि १००००००००.०० सम्म | | १०००० | |
| २६ | | १००००००१.०० देखि १५००००००.०० सम्म | | १५००० | |

| सि.नं. | कर सूचि | विवरण | एकाई | दर रु. | कैफियत |
|---|---|---|---|---|---|
| २७ | | १५०००००१.०० देखि २००००००००.०० सम्म | | २०००० | |
| २८ | | २००००००१.०० देखि ३००००००००.०० सम्म | | २५००० | |
| २९ | | ३००००००१.०० देखि ४००००००००.०० सम्म | | ३५००० | |
| ३० | | ४००००००१.०० देखि ५००००००००.०० सम्म | | ६०००० | |
| ३१ | | ५००००००१.०० देखि माथि प्रति हजारमा | | रु.२ | |
| | सम्पत्ति कर तिरेको रसिद आवश्यक परेमा रु.१० तिरी प्रतिलिपी प्राप्त गर्न सकिने | | | | |
| पुरानो भूमिकर (मालपोत) | | | | | |
| सि.नं. | कर सूचि | विवरण | एकाई | दर | कैफियत |
| १ | आ.व.२०७४।०७५ देखि एकिकृत सम्पति कर लागू भएको हुँदा विगत आ.व.का बाँकी बक्यौता मालपोत साविककै दरमा असुल गर्ने | | | | |

अनुसुची- २

निर्देशिकाको परिच्छेद ३ संग सम्बन्धित

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५५ को सम्पत्ति कर र दफा ५६ को भूमी कर (मालपोत) संशोधन भएकोले सोही अनुसार तयार गरिएको सम्पत्ति कर र भूमी कर (मालपोत)

| क.स | वडा | क्षेत्र | विवरण | सम्पत्तिकर (प्रति रोपनी) रु. | भूमीकर (प्रति रोपनी) रु. |
|---|---|---|---|---|---|
| १ | १ | व्यापारिक क्षेत्र | डुम्रीबेसी (सल्लाबारी चौतारीदेखि तल्लाडिटी खोला सम्म), दरकाङ्ग (गोरुभज्याङ्ग), बडरभज्याङ्ग (थम्सीङ डाँडाचोक देखि उडसीङ्ग चोकसम्म) मुख्य बजार क्षेत्र सडकको दाया बाया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | २ लाख २५ हजार | |
| | | | डुम्रीबेसी (सल्लाबारी चौतारीदेखि तल्लाडिटी खोला सम्म), दरकाङ्ग (गोरुभज्याङ्ग), बडरभज्याङ्ग (थम्सीङ डाँडाचोक देखि उडसीङ्ग चोकसम्म) मुख्य बजार क्षेत्र सडकको दाया बाया को जग्गा र बाँकी रहेको कृषिमा | | ५६ |
| | | | सोही क्षेत्रका भित्री सडकको दाया बाया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | १ लाख ७५ हजार | |
| | | | सोही क्षेत्रका भित्री सडकको दाया बायाको जग्गा र बाँकी रहेको कृषिमा | | ४३ |
| २ | | आवासिय क्षेत्र | किहुँ मार्ग र भिमकाली सडक दाँया बाँया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | २ लाख | |
| | | | किहुँ मार्ग र भिमकाली सडक दाँया बाँयाको जग्गा र बाँकी रहेको कृषिमा | | ५० |
| | | | अन्य कच्ची सडकको दाँया बाँया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | १ लाख ७५ हजार | |
| | | | अन्य कच्ची सडकको दाँया बाँयाको जग्गा र बाँकी रहेको कृषिमा | | ४३ |
| ३ | | कृषि क्षेत्र | फाँट खेतको जग्गा : | | १५ |
| | | | अब्बल | | |
| | | | दोयम | | |
| | | | सिम | | |
| | | | चाहार | | |
| | | | अन्य खेत/पाखोको जग्गाः | | १० |
| | | | अब्बल | | |
| | | | दोयम | | |
| | | | सिम | | |
| | | | चाहार | | |

| क.स | वडा | क्षेत्र | विवरण | सम्पत्तिकर (प्रति रोपनी) रु. | भूमिहर (प्रति रोपनी) रु. |
|---|---|---|---|---|---|
| १ | २ | व्यापारिक क्षेत्र | टेकेर जौपानीका बजार क्षेत्रका मुख्य सडक दाँयावाया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | २ लाख २५ हजार | |
| | | | टेकेर जौपानीका बजार क्षेत्रका मुख्य सडक दाँयावायाका जग्गा र बाँकी रहेको कृषिमा | | ५५ |
| | | | सोही क्षेत्रका भित्री सडकको दाया वाया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | १ लाख ५० हजार | |
| | | | सोही क्षेत्रका भित्री सडकको दाया वायाको जग्गा र बाँकी रहेको कृषिमा | | ३७ |
| २ | | आवासिय क्षेत्र | भिमकाली र मिर्दी सडकको दाँया बाँया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | २ लाख | |
| | | | भिमकाली र मिर्दी सडकको दाँया बाँया मोहडाको जग्गा र बाँकी रहेको कृषिमा | | ५० |
| | | | अन्य कच्ची सडकको दाँया बाँया वाया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | १ लाख | |
| | | | अन्य कच्ची सडकको दाँया बाँया मोहडाको जग्गा र बाँकी रहेको कृषिमा | | २५ |
| ३ | | कृषि क्षेत्र | फाँट खेतका जग्गाः | | १५ |
| | | | अव्वल | | |
| | | | दोयम | | |
| | | | सिम | | |
| | | | चाहार | | |
| | | | अन्य खेत/पाखोको जग्गाः | | १० |
| | | | अव्वल | | |
| | | | दोयम | | |
| | | | सिम | | |
| | | | चाहार | | |
| १ | | व्यापारिक क्षेत्र | लोकतान्त्रिक सडक जलौदी बजार क्षेत्रको दायाँ वाया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | ५ लाख | |
| | | | लोकतान्त्रिक सडक जलौदी बजार क्षेत्रको दायाँ वायाको जग्गा र बाँकी रहेको कृषिमा | | १२५ |
| | | | जनहित सडक बजार क्षेत्रको दायाँ बायाँ घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | २ लाख ५० हजार | |
| | | | जनहित सडक बजार क्षेत्रको दायाँ बायाँको जग्गा र बाँकी रहेको कृषिमा | | ६२ |
| | | | लोकतान्त्रिक सडकको दाया वाया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | २ लाख | |

| क्र.स | वडा | क्षेत्र | विवरण | सम्पत्तिकर (प्रति रोपनी) रु. | भूमिकर (प्रति रोपनी) रु. |
|---|---|---|---|---|---|
| २ | ३ | आवासिय क्षेत्र | लोकतान्त्रिक सडकको दाया वाया मोहडाको जग्गा र बाँकी रहेको कृषिमा | | ५० |
| | | | कृषि सडकको दाया वाया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | २ लाख | |
| | | | कृषि सडकको दाया वाया मोहडाको जग्गा र बाँकी रहेको कृषिमा | | ५० |
| | | | अन्य सडकको दायावाया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | १ लाख ७५ हजार | |
| | | | अन्य सडकको दायावाया मोहडाको जग्गा र बाँकी रहेको कृषिमा | | ४३ |
| ३ | | कृषि क्षेत्र | फाँट खेतको जग्गा : | | १५ |
| | | | अब्बल | | |
| | | | दोयम | | |
| | | | सिम | | |
| | | | चाहार | | |
| | | | अन्य खेतको जग्गाः | | १० |
| | | | अब्बल | | |
| | | | दोयम | | |
| | | | सिम | | |
| | | | चाहार | | |
| १ | ४ | व्यापारिक क्षेत्र | तुरतुरे, धवादी, बेलभङ्याङ्ग बजार क्षेत्र सडकको दायाँ बायाँ घर र सो ले चर्चेको (प्लेन्थ एरिया)जग्गा | २ लाख ५० हजार | |
| | | | तुरतुरे, धवादी, बेलभङ्याङ्ग बजार क्षेत्र सडकको दायाँ बायाँको जग्गा र बाँकी रहेको कृषिमा | | ६२ |
| २ | | आवासिय क्षेत्र | भिमाद देखि बोमा (भिमगोफा) सडक दायाँ बायाँ घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | २ लाख | |
| | | | भिमाद देखि बोमा (भिमगोफा) सडक दायाँ बायाँ मोहडाको जग्गा र बाँकी रहेको कृषिमा | | ५० |
| | | | माझकोट सडकको (सिहालेदेखि जौपानी) दायाँ बायाँ घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | २ लाख | |
| | | | माझकोट सडकको (सिहालेदेखि जौपानी) दायाँ बायाँ मोहडाको जग्गा र बाँकी रहेको कृषिमा | | ५० |
| | | | अन्य सडकको दाँया बाँया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | १ लाख ५० हजार | |
| | | | अन्य सडकको दाँया बाँया मोहडाको जग्गा र बाँकी रहेको कृषिमा | | ३७ |

| क.स | वडा | क्षेत्र | विवरण | सम्पत्तिकर (प्रति रोपनी) रु. | भूमीकर (प्रति रोपनी) रु. |
|---|---|---|---|---|---|
| ३ | | कृषि | फाँट खेतको जग्गा : | | १५ |
| | | | अव्वल | | |
| | | | दोयम | | |
| | | | सिम | | |
| | | | चाहार | | |
| | | | अन्य खेतको जग्गाः | | १० |
| | | | अव्वल | | |
| | | | दोयम | | |
| | | | सिम | | |
| | | | चाहार | | |
| १ | ५ | व्यापारिक क्षेत्र | अछाईस, साउने, रिसिङ्ग पाटन, मिश्र चोक बजार क्षेत्र सडकको दायाँ बायाँ घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | १० लाख | |
| | | | अछाईस, साउने, रिसिङ्ग पाटन, मिश्र चोक बजार क्षेत्र सडकको दायाँ बायाँको जग्गा र बाँकी रहेको कृषिमा | | २५० |
| २ | | आवासिय क्षेत्र | नक्सा नं. ७(झ), २(ग), २(ण)(क), २(च), ३(घ), ३(ग), ३(च), को श्रृंगपथ सडक दाया बाया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) घडेरी | ३ लाख | |
| | | | नक्सा नं. ७(झ), २(ग), २(ण)(क), २(च), ३(घ), ३(ग), ३(च), को श्रृंगपथ सडक दाया बाया मोहडाको घडेरी र बाँकी रहेको कृषिमा | | ७५ |
| | | | भिमाद ऋषिङ्गपाटन सडक वान्टाङ्ग खोला देखि दायाँ बायाँ घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | ५ लाख | |
| | | | भिमाद ऋषिङ्गपाटन सडक दायाँ बायाँ मोहडाको जग्गा र बाँकी रहेको कृषिमा | | १२५ |
| | | | भिमाद ऋषिङ्गपाटन भित्री सडक दायाँ बायाँ घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | ३ लाख | |
| | | | भिमाद ऋषिङ्गपाटन भित्री सडक दायाँ बायाँ मोहडाको जग्गा र बाँकी रहेको कृषिमा | | ७५ |
| | | | सोही नक्सा नं. को अन्य सडकको दाया बाया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | २ लाख | |
| | | | सोही नक्सा नं. को अन्य सडकको दाया बायाको जग्गा र बाँकी रहेको कृषिमा | | ५० |
| | | | साविक सामुङ्गभगवतीपुर २, माझकोट ९ र रानीपोखरी ९आवास क्षेत्रका कच्ची सडक दायाँ बायाँ घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | २ लाख | |

| क.स | वडा | क्षेत्र | विवरण | सम्पत्तिकर (प्रति रोपनी) रु. | भूमीकर (प्रति रोपनी) रु. |
|---|---|---|---|---|---|
| | | | साविक सामुङ्गभगवतीपुर २, माझकोट ९ र रानीपोखरी ९आवास क्षेत्रका कच्ची सडक दायाँ बायाँ मोहडाको जग्गा र बाँकी रहेको कृषिमा | | ५० |
| | | कृषि क्षेत्र | वडा नं.६ र ५ को सिमाना बुढुवा फाट देखि वान्टाङ्ग खोला सम्म दायावाया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | ६ लाख ५० हजार | |
| | | | वडा नं.६ र ५ को सिमाना बुढुवा फाट देखि वान्टाङ्ग खोला सम्म दायावाया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा र बाँकी रहेको कृषिमा | | १६२ |
| ३ | | | फाँटको जग्गा | | ७५ |
| | | | अव्वल | | |
| | | | दोयम | | |
| | | | सिम | | |
| | | | चाहार | | |
| | | | अन्य खेतको जग्गाः | | १५ |
| | | | अव्वल | | |
| | | | दोयम | | |
| | | | सिम | | |
| | | | चाहार | | |
| १ | | व्यापारिक क्षेत्र | भिमाद नक्सा नं. १(ख), १(ग), १(ङ) बजार क्षेत्रको पक्की सडकको दायाँबायाँ घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | ३२ लाख | |
| | | | भिमाद नक्सा नं. १(ख), १(ग), १(ङ) बजार क्षेत्रको पक्की सडकको दायाँबायाँ घडेरी जग्गा र बाँकी रहेको कृषिमा | | ८०० |
| | | | ऐ नक्सा नं. को बजार क्षेत्रको कच्ची सडक दायाँ बायाँ घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | २८ लाख | |
| | | | ऐ नक्सा नं. को बजार क्षेत्रको कच्ची सडक दायाँ बायाँ घडेरी जग्गा र बाँकी रहेको कृषिमा | | ७०० |
| | | | नक्सा नं. १(घ) बजार क्षेत्र कच्ची सडकको दायाँ बायाँ घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | २२ लाख | |
| | | | नक्सा नं. १(घ) बजार क्षेत्र कच्ची सडकको दायाँ बायाँ घडेरी जग्गा र बाँकी रहेको कृषिमा | | ५५० |
| | | | नक्सा नं. १(ख), १(ग), १(ङ) मा पर्ने भुपु टोल देखि मालेबगर पुरानो स्कुल सम्मको पक्की सडक दायाँ बायाँ घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | २५ लाख | |

| क.स | वडा | क्षेत्र | विवरण | सम्पत्तिकर (प्रति रोपनी) रु. | भूमिकर (प्रति रोपनी) रु. |
|---|---|---|---|---|---|
| २ | ६ | आवासिय क्षेत्र | नक्सा नं. १(ख), १(ग), १(ङ) मा पर्ने भुपु टोल देखि मालेबगर पुरानो स्कुल सम्मको पक्की सडक दायाँ बायाँ मोहडाको जग्गा र बाँकी रहेको कृषिमा | | ६२५ |
| | | | ऐ नक्सा नं. मा पर्ने देउराली सम्म पक्की सडक दाया बाया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | २५ लाख | |
| | | | ऐ नक्सा नं. मा पर्ने देउराली सम्म पक्की सडक दाया बाया मोहडाको जग्गा र बाँकी रहेको कृषिमा | | ६२५ |
| | | | ऐ नक्सा नं. को कच्ची सडकमा दाया बाया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | २० लाख | |
| | | | ऐ नक्सा नं. को कच्ची सडकमा दाया बाया मोहडाको जग्गा र बाँकी रहेको कृषिमा | | ५०० |
| | | | न.नं. १/ख १/ग १/ङ र १/घ को सुवेदी चोक भिमभैरव मोटर मार्ग वडा नं. ७को सिमाना सम्म सडकको दाया बाया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | १५ लाख | |
| | | | न.नं. १/ख १/ग १/ङ र १/घ को सुवेदी चोक भिमभैरव मोटर मार्ग वडा नं. ७को सिमाना सम्म सडकको दाया बाया मोहडाको जग्गा र बाँकी रहेको कृषिमा | | ३७५ |
| | | | ऐ.ऐ.न.नं. को सो क्षेत्रको भित्री कच्ची सडक र डाडागाँउ सिम्बोट क्षेत्रको पाखो जग्गाको कच्ची सडकको दाया बाया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | ६ लाख ५० हजार | |
| | | | ऐ.ऐ.न.नं. को सो क्षेत्रको भित्री कच्ची सडक र डाडागाँउ सिम्बोट क्षेत्रको पाखो जग्गाको कच्ची सडकको दाया बाया मोहडाको जग्गा र बाँकी रहेको कृषिमा | | १६२ |
| ३ | | कृषि क्षेत्र | नक्सा नं. १(ख), १(ग), १(ङ), १(घ) को खेत/पाखो | | १६२ |
| | | | नक्सा नं. १(ख), १(ग), १(ङ), १(घ) को सुवेदी चोक भन्दा माथि भिमभैरव मोटर मार्ग वडा नं.७ को सिमाना सम्मको पाखो जग्गा र ऐ.ऐ.न.नं. को डाडागाउँ सिम्मबोट भिर/ पाखो जग्गा | | ७५ |
| १ | | व्यापारिक क्षेत्र | नक्सा नं. २(ग) पुरानो बजार पक्की सडक दाया बाया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | २७ लाख | |
| | | | नक्सा नं. २(ग) पुरानो बजार पक्की सडक दाया बाया घडेरी जग्गा र बाँकी रहेको कृषिमा | | ६७५ |
| | | | शितल चौतारी, सुवेदी चोक पक्की सडक दाया बाया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | २८ लाख | |

| क्र.स | वडा | क्षेत्र | विवरण | सम्पत्तिकर (प्रति रोपनी) रु. | पूर्वाधार (प्रति रोपनी) रु. |
|---|---|---|---|---|---|
| | | | शितल चौतारी, सुवेदी चोक पक्की सडक दाया बाया घडेरी जग्गा र बाँकी रहेको कृषिमा | | ७०० |
| | | | पुरानो बजार, पटनेरी, शितलचौतारी बस्ती क्षेत्रको कच्ची सडकको दाया बाया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | २२ लाख | |
| | | | पुरानो बजार, पटनेरी, शितलचौतारी बस्ती क्षेत्रको कच्ची सडकको दाया बाया मोहडाको जग्गा र बाँकी रहेको कृषिमा | | ५५० |
| | | | सिस्नेरी क्षेत्रको भिमाद सिम्ले सडक दाया बाया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | १० लाख | |
| | | | सिस्नेरी क्षेत्रको भिमाद सिम्ले सडक दाया बाया मोहडाको जग्गा र बाँकी रहेको कृषिमा | | २५० |
| | | | सिस्नेरी क्षेत्रका अन्य सडकको दायाबाया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | ५ लाख | |
| | | | सिस्नेरी क्षेत्रका अन्य सडकको दायाबाया मोहडाको जग्गा र बाँकी रहेको कृषिमा | | १२५ |
| | | | सिद्ध गुफा सडक दाया बाया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | २ लाख ५० हजार | |
| | | | सिद्ध गुफा सडक दाया बाया मोहडाको जग्गा र बाँकी रहेको कृषिमा | | ६२ |
| | | | सुवेदी चोक देखि दैकेडाँडा सम्मको सडक दायाबाया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | ६ लाख | |
| | | | सुवेदी चोक देखि दैकेडाँडा सम्मको सडक दायाबाया मोहडाको जग्गा र बाँकी रहेको कृषिमा | | १५० |
| | | | सुवेदी चोक भिम भैरव कच्ची सडकको दाया बाया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | २ लाख ५० हजार | |
| | | | सुवेदी चोक भिम भैरव कच्ची सडकको दाया बाया मोहोडाको जग्गा र बाँकी रहेको कृषिमा | | ६२ |
| | | | सावित्र भिमाद गा.वि.स वडा न. ४, ५, ८, ९ र सावित्र भानुमति गा.वि.स. को भित्री कच्ची सडक दाया बाया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | १ लाख ५० हजार | |
| | | | सावित्र भिमाद गा.वि.स वडा न. ४, ५, ८, ९ र सावित्र भानुमति गा.वि.स. को भित्री कच्ची सडक दाया बाया मोहडाको जग्गा र बाँकी रहेको कृषिमा | | ३७ |
| | | | पुरानो बजार पट्नेरी शितलचौतारी सुवेदीचोक क्षेत्रको पाखो/खेत जग्गा | | १३७ |
| | | | जिदी खोला फाँटको जग्गा | | |

| क.स | वडा | क्षेत्र | विवरण | सम्पत्तिकर (प्रति रोपनी) रु. | भूमिकर (प्रति रोपनी) रु. |
|---|---|---|---|---|---|
| ३ | | कृषि क्षेत्र | अब्बल | | १५ |
| | | | | | |
| | | | | | |
| | | | दोयम | | |
| | | | सिम | | |
| | | | चाहार | | |
| | | | अन्य खेतको जग्गाः | | १० |
| | | | अब्बल | | |
| | | | दोयम | | |
| | | | सिम | | |
| | | | चाहार | | |
| १ | ८ | व्यापारिक क्षेत्र | भागर, सिम्ले, अरौदी, ब्राहविसे बजार क्षेत्र सडक दाँया बाँया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | ३ लाख | |
| | | | भागर, सिम्ले, अरौदी, ब्राहविसे बजार क्षेत्र सडक दाँया बाँयाका जग्गा र बाँकी रहेको कृषिमा | | ७५ |
| २ | | आवासिय क्षेत्र | साविक भिमाद नक्सा नं.३(क), ३(ख), ६(क), ७(क) साविक भानुमति ३(ग), १(ख), ९(ग) को भिमाद सिम्ले जरेवर सडकको भागर जरेबर सडक दाँया बाँया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | ३ लाख | |
| | | | साविक भिमाद नक्सा नं.३(क), ३(ख), ६(क), ७(क) साविक भानुमति ३(ग), १(ख), ९(ग) को भिमाद सिम्ले जरेवर सडकको भागर जरेबर सडक दाँया बाँया मोहडाको जग्गा र बाँकी रहेको कृषिमा | | ७५ |
| | | | भिम भैरव मोटर मार्गको साविक भिमाद ७(ख), ६(ग) र साविक भानुमति १(क), १(ग), ९(क), ९(ख) को दायावाया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | १ लाख ५० हजार | |
| | | | भिम भैरव मोटर मार्गको साविक भिमाद ७(ख), ६(ग) र साविक भानुमति १(क), १(ग), ९(क), ९(ख) को दायावाया मोहडाको जग्गा र बाँकी रहेको कृषिमा | | ३७ |
| | | | साविक भानुमति नक्सा नं. ९(क), ९(ग) क्याइदी देउराली सडक दायावाया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | २ लाख | |
| | | | साविक भानुमति नक्सा नं. ९(क), ९(ग) क्याइदी देउराली सडक दायावाया मोहडाको जग्गा र बाँकी रहेको कृषिमा | | ५० |
| | | | साविक भानुमति गा.वि.स नक्सा नं. ३(क), ३(ख) राधा कृष्ण र साविक भिमाद गा.वि.स ३(क), ३(ग), ६(ख), ६(ग) भृगुऋषि सडक खण्डको दायाँ बायाँ घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | १ लाख ५० हजार | |

| क्र.स | वडा | क्षेत्र | विवरण | सम्पत्तिकर (प्रति रोपनी) रु. | भूमिकर (प्रति रोपनी) रु. |
|---|---|---|---|---|---|
| | | | साविक भानुमति गा.वि.स नक्सा नं. ३(क), ३(ख) राधा कृष्ण र साविक भिमाद गा.वि.स ३(क), ३(ग), ६(ख), ६(ग) भृगुऋषि सडक खण्डको दायाँ वायाँ मोहडको जग्गा र बाँकी रहेको कृषिमा | | १३७ |
| | | | अन्य सडकको दायाँ वायाँ घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | १ लाख २० हजार | |
| | | | अन्य सडकको दायाँ वायाँ मोहडाको जग्गा र बाँकी रहेको कृषिमा | | ३० |
| ५ | | कृषि क्षेत्र | साविक भिमाद ३(क), ३(ख), ६(क), ७(क) र साविक भानुमति ३(ग), १(ख) को फाँटको जग्गा | | १५ |
| | | | अव्वल | | |
| | | | दोयम | | |
| | | | सिम | | |
| | | | चाहार | | |
| | | | अन्य खेत/पाखोको जग्गाः | | १० |
| | | | अव्वल | | |
| | | | दोयम | | |
| | | | सिम | | |
| | | | चाहार | | |
| १ | | व्यापारिक क्षेत्र | बुच्चा, बरपोखरी, रिठ्ठा भञ्ज्याङ्ग च्यानडाँडा बजार क्षेत्र सडक दायाँ बायाँ घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | २ लाख ५० हजार | |
| | | | बुच्चा, बरपोखरी, रिठ्ठा भञ्ज्याङ्ग च्यानडाँडा बजार क्षेत्र सडक दायाँ बायाँका जग्गा र बाँकी रहेको कृषिमा | | ६२ |
| | | | भिमाद सिम्ले जरेवर मोटर मार्ग साविक भानुमति नक्सा नं. २(ङ) सेराबेसी/ ठामडाँडा बेसी बजार क्षेत्र सडक दायावाया घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | ३ लाख | |
| | | | भिमाद सिम्ले जरेवर मोटर मार्ग साविक भानुमति नक्सा नं. २(ङ) सेराबेसी/ ठामडाँडा बेसी बजार क्षेत्र सडक दायावायाको जग्गा र बाँकी रहेको कृषिमा | | ७५ |
| २ | | आवासिय क्षेत्र | भिमभैरव रिठ्ठा भञ्ज्याङ्ग देखि सिमलभञ्ज्याङ्ग सडक दायाँ वायाँ घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | २ लाख ५० हजार | |
| | | | भिमभैरव रिठ्ठा भञ्ज्याङ्ग देखि सिमलभञ्ज्याङ्ग सडक दायाँ वायाँको जग्गा र बाँकी रहेको कृषिमा | | ६२ |
| | | | सिद्धगुफा सडक दायाँ वायाँ घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | २ लाख | |

| क.स | वडा | क्षेत्र | विवरण | सम्पत्तिकर (प्रति रोपनी) रु. | मूल्यांकन (प्रति रोपनी) रु. |
|---|---|---|---|---|---|
| | | | सिद्धगुफा सडक दायाँ वायाँको जग्गा र बाँकी रहेको कृषिमा | | ५० |
| | | | जरेवर देखि असपाक्दी पाथर्दी सडक दायाँ वायाँ घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | १ लाख २० हजार | |
| | | | जरेवर देखि असपाक्दी पाथर्दी सडक दायाँ वायाँको जग्गा र बाँकी रहेको कृषिमा | | ३० |
| | | | अन्य सडकको दायाँ वायाँ घर र सो ले चर्चेको (प्लेन्थ एरिया) जग्गा | १ लाख २० हजार | |
| | | | अन्य सडकको दायाँ वायाँको जग्गा र बाँकी रहेको कृषिमा | | ३० |
| ४ | | कृषि क्षेत्र | फाँटको जग्गा | | १५ |
| | | | अव्वल | | |
| | | | दोयम | | |
| | | | सिम | | |
| | | | चाहार | | |
| | | | अन्य खेत/पाखोको जग्गाः | | १० |
| | | | अव्वल | | |
| | | | दोयम | | |
| | | | सिम | | |
| | | | चाहार | | |

अनुसुची ३

**घर बहाल कर**

| सि.नं. | कर सूचि | विवरण | एकाई | दर | कैफियत |
|---|---|---|---|---|---|
| १ | घर बहाल कर | संघ संस्था सरकारी कार्यालय गोदाम भाडामा दिने | | दश प्रतिशत | |
| | | अन्य प्रयोजनका लागि | | दश प्रतिशत | |

अनुसुची ४

**व्यवसाय कर**

| सि.नं. | कर सूचि / विवरण | दर | | | कैफियत |
|---|---|---|---|---|---|
| | ***व्यवसायको विवरण*** | *करको श्रेणी* | | | |
| | | *क* | *ख* | *ग* | |
| १ | होटल, लज एवं साधारण होटल | | | | |
| | १० बेड भन्दा माथि | २००० | | | |
| | ६ देखि १० बेड सम्म | १५०० | | | |
| | ६ बेड सम्म | १००० | | | |
| २ | रेष्टुरेन्ट (मःम, तास, सेकुवा आदि) | ७०० | | | |
| ३ | मिठाई पसल | ५०० | | | |
| ४ | कपडा पसल | | | | |
| क | थोक | १५०० | | | |
| ख | खुद्रा | १००० | | | |
| ५ | फेन्सी पसल | १५०० | | | |
| ६ | ब्यूटिपार्लर | १००० | | | |
| ७ | कस्मेटिक | ५०० | | | |
| ८ | ऊनी धागो पसल | ५०० | | | |
| ९ | जुत्ता चप्पल पसल | १००० | | | |
| १० | निर्माण सामाग्री (हार्डवयर) | ३००० | | | |
| ११ | खाद्यान्न, किराना | | | | |
| क | थोक | ३००० | | | |
| ख | खुद्रा | ५०० | | | |
| १२ | भाडा र गिफ्ट पसल (थोक/खुद्रा) | २००० | | | |
| १३ | पुस्तक तथा पत्रिका पसल | १००० | | | |
| १४ | छापाखाना | १५०० | | | |

| सि.नं. | कर सूचि / विवरण | दर | | | कैफियत |
|---|---|---|---|---|---|
| १५ | आर्ट/फ्लेक्स प्रिन्ट | १००० | | | |
| १६ | फोटो स्टुडियो | १००० | | | |
| १७ | इन्टरनेट इन्ट्रानेट | | | | |
| क | चालु पूँजी ५ लाख सम्म | ४००० | | | |
| ख | चालु पूँजी १० लाख सम्म | ६००० | | | |
| ग | चालु पूँजी १०लाख भन्दा माथि | ८००० | | | |
| १८ | केवल नेटवर्क/ डिसहोम | ६००० | | | |
| १९ | एफ.एम संचालन | | | | |
| क | १०० कि.वा. सम्म | १००० | | | |
| ख | १०० कि.वा . भन्दा माथि | २००० | | | |
| २० | टि.भी.,फ्रिज, घडी, रेडियो विक्री | २००० | | | |
| | | | | | |
| २१ | टि.भी., फ्रिज, घडी, रेडियो आदि मर्मत | ७०० | | | |
| २२ | मोबाइल बिक्रि तथा मर्मत | १५०० | | | |
| २३ | पंखा तथा स्टोभ मर्मत | ५०० | | | |
| २४ | साइकल विक्री तथा मर्मत | १००० | | | |
| २५ | मोटरसाइकल, मोटर पार्ट्स/ वर्कसप | २००० | | | |
| २६ | मोटरसाइकल सोरुम | ४००० | | | |
| २७ | गाडी सोरुम | १५००० | | | |
| २८ | ड्राईभिङ इन्स्टिच्यूट | २००० | | | |
| २९ | टायर | | | | |
| क | विक्री | १००० | | | |
| ख | मर्मत | ५०० | | | |
| ३० | ग्रिल उद्योग | १५०० | | | |
| ३१ | टेण्ट हाउस/ साउण्ड सिस्टम | १००० | | | |
| ३२ | लाउण्ड्री पसल | ५०० | | | |

| सि.नं. | कर सूचि / विवरण | दर | | | कैफियत |
|---|---|---|---|---|---|
| ३३ | मादल पसल | ४०० | | | |
| ३४ | गोवर ग्यास कम्पनी | १००० | | | |
| ३५ | पाउरोटी भण्डार | ५०० | | | |
| ३६ | चलचित्र मन्दिर | १००० | | | |
| ३७ | वित्तीय संस्था/सहकारी संस्था | | | | |
| | क र ख वर्गको लागि | १०००० | | | |
| | ग र घ वर्गको लागि | ७००० | | | |
| | लघु वित्त, वचत तथा ऋण सहकारीको लागि | ५००० | | | |
| | **कृषि,महिला सहकारीको लागि** | **५००** | | | |
| ३८ | कलर ल्याव | १५०० | | | |
| ३९ | औषधी पसल मात्र | | | | |
| क | भिमाद बजार क्षेत्र | २००० | | | |
| ख | भिमाद बजार बाहिरको हकमा | ५०० | | | |
| ४० | निजी अस्पताल/ पोलिक्लिनिक | ४००० | | | |
| ४१ | पशु औषधी पसल | | | | |
| क | बजार क्षेत्र | १५०० | | | |
| **ख** | **ग्रामिण क्षेत्र** | **५००** | | | |
| ४२ | वीज भण्डार | | | | |
| क | बजार क्षेत्र | १००० | | | |
| **ख** | **ग्रामिण क्षेत्र** | **५००** | | | |
| **४३** | **दाना विक्रि पसल** | **१०००** | | | |
| ४४ | **इलेक्ट्रिक (बिजुली)** | | | | |
| **क** | **थोक** | **३०००** | | | |
| **ख** | **खुद्रा** | **१५००** | | | |
| ४५ | रंगरोगन विक्री | ३००० | | | |
| ४६ | फर्निचर उद्योग | | | | |
| क | स.मिल | ४००० | | | |
| **ख** | **सर्कुलर** | **२०००** | | | |
| ग | फर्निचर पसल | २००० | | | |
| ४७ | मिल कुटानि पिसानी | १००० | | | |
| ४८ | सुनचाँदी प्रा.लि | ५००० | | | |
| ४९ | सुनचाँदी पसल | ३००० | | | |

| सि.नं. | कर सूचि / विवरण | दर | | | कैफियत |
|---|---|---|---|---|---|
| ५० | आइसक्रिम | | | | |
| क | उद्योग | १००० | | | |
| ख | पसल | ५०० | | | |
| ५१ | कपडा सिलाई | | | | |
| क | **सर्टिङ्ग सुटिङ्ग** | **१५००** | | | |
| ख | **सिलाई कटाई** | **५००** | | | |
| ५२ | हेयर कटिङ्ग | | | | |
| क | दुई कुर्चि सम्म | ५०० | | | |
| ख | दुई कुर्चि भन्दा वढी | १००० | | | |
| ५३ | ल फर्म | ७०० | | | |
| ५४ | बोर्डिङ्ग स्कुल आधारभुत विद्यालय | ३००० | | | |
| | बोर्डिङ्ग स्कुल माबि | ४००० | | | |
| | निजी क्याम्पस | ५००० | | | |
| ५५ | निर्माण व्यवसायी (घ वर्गको) नविकरण | २५०० | | | |
| | शुरु दर्ता | १०००० | | | |
| | प्रतिलिपी/नामसारी | २००० | | | |
| | जरिवाना | २५०० | | | |
| ५६ | आयल पम्प | ३००० | | | |
| ५७ | फोटोकपि,कुरीयर, फ्याक्स, कम्प्युटर र टेलिफोन (सेवा) | १००० | | | |
| ५८ | अन्य उद्योग | | | | |
| क | **साना** | **३०००** | | | |
| ख | **घरेलु** | **५००** | | | |
| ग | **लघु** | **५००** | | | |
| ५९ | सपिङ्ग सेन्टर | ५००० | | | |
| ६० | तरकारी/फलफूल पसल | ५०० | | | |
| ६१ | चश्मा पसल | ५०० | | | |
| ६२ | दाँत वनाउने पसल | २००० | | | |
| ६३ | **सार्वजनिक बाँझो जग्गा नगरपालिकाको कार्यविधि बमोजिम उपयोग गरेबापत लाग्ने शुल्क प्रति रोपनी** | १०० | | | |

| सि.नं. | कर सूचि / विवरण | दर | | | कैफियत |
|---|---|---|---|---|---|
| ६४ | माछा, मासु पसल | १००० | ५०० | | |
| ६५ | नर्सरी र फलफुलका बिरुवा बिक्री वितरण | ५०० | | | |
| ६६ | माटोको भाडा बनाउने | ५०० | | | |
| ६७ | टेक्निकल इन्स्टिच्यूट/ भाषा शिक्षण/ ट्यूसन/ कोचिङ्ग/ होस्टेल | २००० | | | |
| ६८ | कन्सल्टेन्सी फर्म (इन्जिनियर,ओभरसियर) संस्थागत/नविकरण | ५००० | | | |
| | इन्जिनियर दर्ता | २००० | | | |
| | ओभरसियर दर्ता | १५०० | | | |
| | | | | | |
| ६९ | ज्योतिष | ५०० | | | |
| ७० | **शैक्षिक /वैदेशिक रोजगार कन्सल्टेन्सी फर्म** | २००० | | | |
| ७१ | अडिटर फर्म | २००० | | | |
| ७२ | सिलाई, बुनाई, पेन्टिङ्ग, कटिङ्ग प्रशिक्षण | ५०० | | | |
| ७३ | **विषय विशेषज्ञ /विज्ञ** | ७०० | | | |
| ७४ | **विभिन्न प्रयोगशाला (ल्याब)** | १००० | | | |
| ७५ | स्नुकर/पुलबोर्ड | ५०० | | | |
| ७६ | **भिडियो गेम** | ५०० | | | |
| ७७ | इट्टा भट्टा | ३००० | | | |
| ७८ | रेमिटेन्स सेवा मात्र | १००० | | | |
| ७९ | **कटिङ्ग ढुंगा** | २००० | | | |
| ८० | **क्रसर उद्योग** | ५०००० | | | |
| ८१ | ब्लक उद्योग | ३००० | | | |
| ८२ | **क्याटरिङ्ग सेवा** | १००० | | | |
| ८३ | **लेखापढी व्यवसाय** | ५०० | | | |
| ८४ | **मेशिनरी / टुल्स** | १००० | | | |
| ८५ | प्लाई/ सिसा पसल | १००० | | | |
| ८६ | **डान्स/ म्यूजिक प्रशिक्षण सेन्टर** | १००० | | | |
| ८७ | **स्पोर्ट्स हाउस** | १००० | | | |

| सि.नं. | कर सूचि / विवरण | दर | | | कैफियत |
|---|---|---|---|---|---|
| ८८ | पशुपन्छी / मत्स्यपालन | ५०० | | | |
| ८९ | पुजा सामाग्री पसल | ५०० | | | |
| ९० | खेलौना / गुडिया / कुशन बनाउने उद्योग-पसल | ५०० | | | |
| ९१ | हल्का पेय पदार्थ विक्रि पसल | ५०० | | | |
| ९२ | मदिरा पसल | | | | |
| क | थोक | २००० | | | |
| ख | खुद्रा | १००० | | | |
| ९३ | कृषि समूह दर्ता /नविकरण | ५०० | | | |
| ९४ | कृषि/पशु फर्म (दर्ता /नविकरण) | १००० | | | |
| ९५ | मोबाइल टावर | १०००० | | | |
| | *माथि वर्गिकरणमा समावेश नभएका सेवा व्यवसायको कारोबार वा स्तर हेरी वार्षिक रु. ५००। देखि १०००० । सम्म नगरकार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।* | | | | |

अनुसुची ५

**जडिबुटी कवाडी र जीवजन्तु कर**

| सि.नं. | कर सूचि | दर | | | कैफियत |
|---|---|---|---|---|---|
| १ | कवाडी सामानको थोक बिक्रेता | ३००० | | | |

अनुसुची ६

**विज्ञापन कर**

| सि.नं. | कर सूचि | विवरण | एकाई | दर | कैफियत |
|---|---|---|---|---|---|
| १ | विज्ञापन | साईनबोर्ड, ग्लोबोर्ड, होडिङबोर्ड, स्टल आदिमा २५ वर्गफूट सम्म | | ४०० | |
| | | साईनबोर्ड, ग्लोबोर्ड, होडिङबोर्ड, स्टल आदिमा २५ वर्गफूट भन्दा माथि | | ७०० | |
| | | तुल ब्यानर (प्रति ब्यानर) | १ हप्ताको लागि | ५० | |
| | | | १ हप्ता भन्दा बढी | १०० | |

| अनुसुची ७ | | | | | |
|---|---|---|---|---|---|
| **मनोरञ्जन कर** | | | | | |
| **सि.नं.** | **कर सूचि** | **विवरण** | **एकाई** | **दर** | **कैफियत** |
| १ | मनोरञ्जन कर | जादु सर्कस र खेलतमासा | प्रति दिन | ५०० | |
| | | अन्य मनोरञ्जन करको दर गण्डकी प्रदेश सरकारको आर्थिक ऐन, २०७७ ले तोके बमोजिम हुनेछ । | | | |
| अनुसुची ८ | | | | | |
| **पटके व्यवसाय कर** | | | | | |
| **सि.नं.** | **कर सूचि** | **विवरण** | **एकाई** | **दर** | **कैफियत** |
| १ | फेन्सी/खुद्रा सामान गाडीद्वारा घुमाएर बेच्नेहरुका लागि | | प्रति पटक | ५० | |
| २ | खाद्यान्न सामान गाडीद्वारा घुमाएर बेच्नेहरुका लागि | | प्रति पटक | ५० | |
| ३ | आलु/तरकारी गाडीद्वारा घुमाएर बेच्नेहरुका लागि | | प्रति पटक | २० | |
| ४ | **पोका/झोलामा सामान राखी मानिस आफैले बेच्ने** | | **प्रति पटक** | २० | |
| | **पोका/झोलामा सामान राखी साइकलमा लिएर बेच्ने** | | **प्रति पटक** | २५ | |
| | **पोका/झोलामा सामान राखी मोटरसाइकलमा लिएर बेच्ने** | | **प्रति पटक** | ५० | |
| ५ | **रांगा भैसी आयात** | | **प्रति गोटा** | १०० | |
| ६ | **खसी बोका बंगुर आयात** | | **प्रति गोटा** | २० | |
| ७ | **हाँस कुखुरा र अन्य पंक्षी** | **प्रति गाडी** | | १०० | |
| | | **प्रति मोटरसाईकल** | | ५० | |
| | | **प्रति साईकल** | | २५ | |
| ८ | **चना चटपट पानी पुरी** | **प्रति दिन** | | २० | |
| | नोटः डोका डाला मा तरकारी तथा फलफुल राखी बजारमा घुमाएर बेच्ने किसानहरुको हकमा पटके व्यवसाय कर लिईने छैन । | | | | |

अनुसुची ९

**पार्किङ शुल्क**

| सि.नं. | कर सूचि | विवरण | एकाई | दर | कैफियत |
|---|---|---|---|---|---|
| १ | सवारी पार्किङ शुल्क | ठूला सवारी साधन | | ३० | |
| | | बस, मिनिबस, ट्रक, ट्याक्टर | | २५ | |
| | | साना सवारी साधन | | १५ | |
| | | स्कुटर,मोपेड,मोटरसाइकल | | ५ | |

अनुसुची १०

**सेवा शुल्क दस्तुर**

| सि.नं. | कर सूचि | विवरण | एकाई | दर | कैफियत |
|---|---|---|---|---|---|
| क | **सिफारिस /प्रमाणित** | | | | |
| १ | घर जग्गा नामसारी सिफारिस | | | ५०० | |
| २ | मोही लगत कट्टा सिफारिस | | | ५०० | |
| ३ | **घर कायम सिफारिस** | | | ५०० | न.पा.मा कायम गर्दा शुल्क नलाग्ने |
| ४ | सर्जमिन मुचुल्का | | | ३०० | |
| ५ | **छात्रवृत्ति सिफारिस** | **विपन्न विद्यार्थी छात्रवृत्ति सिफारिस** | | निःशुल्क | |
| | | **अन्य** | | २०० | |
| ६ | **अस्थाई बसोबास सिफारिस** | | | ५०० | |
| ७ | स्थाई बसोबास सिफारिस | | | ५०० | |
| ८ | नागरिकता सिफारिस | नागरिकता/ प्रतिलिपी | | २०० | |
| ९ | अंगिकृत नागरिकता सिफारिस | | | ३०० | |
| १० | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | | | ५०० | |
